# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

हाम्रो देश नेपाल विश्वमान चित्रमा २६°२२' उत्तरी अक्षांशदेखि ३०°२७' उत्तरी अक्षांशसम्म र ८०°४' पूर्वी देशान्तरदेखि ८८°१२' पूर्वी देशान्तरसम्म फैलिएर रहेको एसिया महादेश अन्तर्गतको एक सानो भू-परिवेष्ठित राष्ट्र हो। यसको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. छ। नेपालको पूर्व-पश्चिम लम्बाइ ८८५ कि.मी. र औसत चौडाइ १९३ कि.मी. छ। नेपाल सानो र गरिब देश भए पनि संस्कृति र परम्पराको दृष्टिले विश्वकै सबैभन्दा धनी राष्ट्र मानिन्छ। समुद्र सतहदेखि करिब ११२७ किलोमिटर (७०० माइल) टाढा नेपाल अधिराज्य पर्दछ। प्रशासनिक दृष्टिकोणबाट हेर्दा वि.सं. २०१८ साल वैशाख १ गते नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिएको हो र पछि प्रशासनिक कार्यलाई चुस्त पार्न देशमा समानुपातिक विकास गर्न तथा उपलब्ध स्रोत र साधनहरूको उचित परिचालन गर्ने उद्देश्यले वि.सं. २०३७ साल असोज २६ गते नेपाललाई ५ विकास क्षेत्रमा विभाजन गरिएको हो।[1]

प्रशासनिक निकायलाई सुदृढ पार्ने उद्देश्यले विभिन्न नगरपालिका तथा गा.वि.स. हरूको पनि स्थापना भएको पाइन्छ। जस अनुसार वि.सं.२०६८ भन्दा अगाडि सम्म नेपालमा एक महानगरपालिका (काठमाडौं), चारवटा उपमहानगरपालिका (पोखरा, वीरगन्ज, विराटनगर र ललितपुर) सहित ५८ नगरपालिकाहरू र ३९१५ गा.वि.स. रहेका थिए। त्यसपछिको समयमा वि.सं. २०७२ असोज १ गतेसम्म आइपुग्दा न.पा. र गा.वि.स. संख्यामा थपघट भएको छ। हाल नेपालमा एक महानगरपालिका, १२ उप-महानगरपालिका र २०४ नगरपालिका रहेका छन्। किनकि नेपाल सरकारले २०७२ असोज १ गते २६ वटा नयाँ नगरपालिका घोषणा गरेको थियो। यसको साथै धनगढी नगरपालिकाको स्तर वृद्धि गर्दै उपमहानगरपालिका र ११ वटा नगरपालिकाको क्षेत्र विस्तार गरेको छ। अब नगरपालिकाको संख्या २१७ पुगेको छ। यस अघि सरकारले २०७१ वैशाख २५ गते ७२ वटा

---

१ शंकर चौलाई, "नेपालको भूगोल", *सामान्य ज्ञान-परिचय* (विराटनगरः श्याम पुस्तक भण्डार, २०४५-४६), पृ. २८८।

र मंसिर १६ गते ६१ वटा नयाँ नगरपालिका घोषणा गरेको थियो। हाल नेपालमा ३१५७ वटा गाविस रहेका छन्।[२]

नेपालको संविधान २०७२ अनुसार हाल नेपाललाई ७ प्रदेशमा विभाजन गरिएको छ। प्रदेशको नामाकरण पछि गर्ने गरी प्रदेश नं. १ देखि ७ सम्मका प्रत्येक प्रदेशहरूको सीमा निर्धारण समेत गरिएको छ।[३]

यसै अन्तर्गत पोखरा उप-महानगरपालिका वडा नं. ३ नारायणस्थान, नदीपुरमा अवस्थित प्राचीन तीर्थस्थल नारायणस्थान मन्दिर क्षेत्र पोखराको धार्मिक, शैक्षिक, सामाजिक, राजनीतिक तथा सरकारी कार्यालयहरूको स्थापना एवम् सञ्चालन जस्ता ऐतिहासिक पक्षसँग सम्बन्धित रहेको कुरालाई जनमानसमा जानकारी गराउँदै नारायणस्थान धार्मिक क्षेत्र अन्तर्गत रहेको नीलकण्ठ महादेव आश्रम (महादेव मन्दिर) लाई यस अध्ययनको दायराभित्र समेटी यथार्थ अध्ययन प्रस्तुत गरिएको छ।

प्राचीनकालीन नेपालको इतिहासलाई केलाउँदा नेपाली समाजले धर्मलाई ठूलो महत्त्व दिएको पाइन्छ। मठमन्दिर निर्माण गर्न, धार्मिक क्रियाकलापहरूमा रम्न धार्मिक ग्रन्थहरूको अध्ययन गरी सो अनुसार ऐन बनाई समाजलाई निर्देशित गरिन्थ्यो। यस्तै यथार्थतालाई छर्लङ्ग पार्न यहाँ नारायणस्थान नदीपुरमा अवस्थित “नीलकण्ठ महादेव आश्रम” को अध्ययनलाई नै विशेष महत्त्व दिइएको छ। साथै यस क्षेत्र वरपर रहेका विभिन्न मठमन्दिर जस्तै : ब्रह्मचारी मन्दिर (ब्रह्मचर्याश्रम), राधाकृष्ण मन्दिर, बौद्ध चैत्य आदिको पनि अध्ययन गरी संक्षिप्त परिचय शोधपत्रमा उल्लेख गरिएको छ।

## १.२ समस्याको कथन

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने गण्डकी अञ्चलको कास्की जिल्ला अन्तर्गत पोखरा उपमहानगरपालिका वडा नं. ३ नदीपुरमा अवस्थित नीलकण्ठ महादेव आश्रमको धार्मिक एवं सांस्कृतिक महत्त्वका साथै यसको पर्यावरणीय प्रभाव बारे खोजमूलक अनुसन्धान हुन सकेको छैन। पोखरा उपमहानगरपालिका वडा नं. १२ मा पर्ने फूलबारीको

---

२ *अन्तर्राष्ट्रिय मञ्च,* (वर्ष ३२, अङ्क १, २०७२, कार्तिक), पृ. १७-१८।

३ ऐजन, पृ. ५४

पश्चिमी सिमाना र पो.उ.म.न.पा. वडा नं. ३ मा पर्ने नदीपुरको पूर्वी सिमानामा पर्ने यस नीलकण्ठ महादेव आश्रम बत्तीमुनिको अँध्यारो भनेझैं कुनै पनि अनुसन्धानकर्ताको नजरमा पर्न नसक्नु विडम्बनाको कुरा हो । पोखरा तथा यसका आसपासका गाउँका भक्तजन बाहेक अन्य स्थानमा बस्ने मानिसहरू माझ परिचित नहुनाले यस क्षेत्र पछि परेको देखिन्छ । यस क्षेत्रको यथार्थतालाई देशभर छर्लङ्ग पार्ने कार्य यस अध्ययनबाट गरिएको छ । यस नीलकण्ठ महादेव आश्रमका बारेमा प्राथमिक तथा सहायक स्रोतका आधारमा भरपूर प्रमाणहरूको प्रयोग गरी त्यसलाई जनसाधारणमा पहिचान गर्न गराउन नै यस शोधकार्यको समस्या रहेको छ ।

- पोखराको नदीपुरमा अवस्थित नीलकण्ठ महादेव आश्रम (महादेव मन्दिर) को ऐतिहासिकता ।
- यस आश्रमले यस क्षेत्र वरपरका बासिन्दाको धार्मिक, तथा सांस्कृतिक जीवनमा पारेको प्रभाव ।
- यसले वातावरणमा पारेको प्रभाव ।
- यस आश्रमले राष्ट्रिय पहिचानमा पुऱ्याएको टेवा ।
- यस आश्रमको दीर्घकालीन गुरुयोजना ।

## १.३ अध्ययनको उद्देश्य

नीलकण्ठ महादेव आश्रमको अध्ययनका निम्न उद्देश्यहरू रहेका छन् :

- नीलकण्ठ महादेव आश्रम (महादेव मन्दिर) को ऐतिहासिकता, सामाजिक तथा सांस्कृतिक महत्वलाई उजागर गर्ने ।
- यस मन्दिरको पर्यटकीय तथा वातावरणीय महत्वलाई प्रकाश पार्ने ।
- मुलुकको सांस्कृतिक इतिहास लेखनमा टेवा पुऱ्याउनु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपालमा निर्मित मठमन्दिर एवम् अन्य कला, वास्तुकलाहरू आदिमकालबाट नै निर्माण भएका छन्, तर ती निर्मित वस्तुहरूमध्ये धेरैको लिखित प्रमाणहरू भेटाउन कठिन छ । ती लिखित प्रमाणको अभावमा अलिखित किंवदन्तीलाई समेत प्रमाण मान्नु पर्ने बाध्यता पनि छ । धार्मिक तथा सांस्कृतिक विकासका चरणहरू कालखण्डमा धेरै उथलपुथल भए पनि औपचारिक अध्ययनको अभाव खट्किरहेको छ । नेपाली इतिहास, कला, संस्कृति, धर्म रीतिरिवाज, विदेशी कलमले लेखिनु र त्यसैलाई नै ऐतिहासिक प्रमाण मान्नुपर्ने विवशता छ र यस्तै परिस्थितिलाई मध्यनजर गर्दै शोधपत्रमा उजागर गर्न खोजेको धार्मिक क्षेत्र हालसम्म स्वदेशी एवम् विदेशी कुनै पनि अनुसन्धान र अध्ययनकर्ताको नजरमा परेको खासै भेट्न सकिएन । हिन्दु धर्मावलम्बीहरूका थुप्रै दर्शनीय स्थलहरूका बारेमा थुपै लेखरचनाहरू भेटिए तापनि यस नीलकण्ठ महादेव आश्रम (महादेव मन्दिर) का बारेमा अध्ययन-अनुसन्धान भएको पाइएन । तसर्थ विधान बाहेक अन्य वृद्धिजीवीहरू एवम् श्रद्धालु भक्तजनहरूको अन्तर्वार्ताबाट यस आश्रम क्षेत्रको ऐतिहासिकता खोतल्ने प्रयास शोधपत्रमा गरिएको छ ।

डा. दिलबहादुर क्षत्रीद्वारा मिति २०६० मा लिखित "सिद्ध शक्तिपीठ विन्ध्यवासिनी तथा पोखराका मठमन्दिर र गुठीहरू" नामक ग्रन्थमा पोखराका विभिन्न मन्दिरहरूका बारेमा संक्षिप्त रूपमा उल्लेख गरिएको छ । तर नीलकण्ठ महादेव आश्रम बारेमा उल्लेख भएको पाइँदैन ।

देवेन्द्र बहादुर लामिछानेले भूगोल विभाग पृथ्वीनारायण क्याम्पस पोखराबाट २०५४ मा प्रकाशित भएको हिस्टोरियामा तालबाराही मन्दिरको बारेमा उल्लेख गरेका छन् । यसमा केबल तालबाराही मन्दिरको पृष्ठभूमि एवम् ऐतिहासिकताका बारे उल्लेख छ । विश्व श्रेष्ठ र दिलबहादुर क्षत्रीद्वारा लिखित पोखरा भ्याली २००८ मा प्रकाशित पुस्तकमा पोखराका विभिन्न शिव मन्दिरहरू जस्तै शिव मन्दिर रामघाट पोखरा, शिव मन्दिर रानीपौवा, केदारेश्वर महादेव मन्दिर बैदाम, विश्वनाथ मन्दिर नयाँ बजार, सदाशिव मन्दिर ढुङ्गेसाँघु आदिका बारेमा उल्लेख गरेका छन् । तर नीलकण्ठ महादेवको बारेमा उल्लेख गरिएको छैन ।

कास्की जिल्ला पार्श्वचित्र २०६७ मा सराङकोटको पर्यटकीय स्वरूपमा धारापानी शिवालय (ढिकुरपोखरी), ठूलीपोखरी (कास्कीकोट), विन्ध्यवासिनी मन्दिर, तालबाराही मन्दिर,

भद्रकाली मन्दिर, बौद्ध गुम्वा, शान्ति स्तुप, कास्कीकोट कालिका गुठी, कुलमण्डन शाहको दरबार, पातले छाँगो, महेन्द्र गुफा, भलामको हरिहर गुफा, सार्दीखोला नुनिलो तातोपानी, पुरुन्चौरको तम्केल देउराली, गुप्तेश्वर महादेव (छोरेपाटन) आदिका बारेमा उल्लेख गरिएको छ ।

निर्मलपोखरीको संक्षिप्त वस्तुस्थिति २०६७, निर्मल पोखरी गा.वि.स. कास्कीद्वारा प्रकाशित पुस्तकमा गोप्यश्वर महादेव मन्दिरका बारेमा उल्लेख गरिएको छ । पोखरा क्षेत्रका मन्दिर तथा गुठीहरूका बारेमा केही मात्रामा लेखरचनाहरू भए तापनि यस नीलकण्ठ महादेव आश्रमका बारेमा पूर्ण रूपमा खोजी गरी प्रकाशमा नल्याइएकोले यसबारेको विविध पक्षको अध्ययन अनुसन्धान गर्ने कार्य यस शोधपत्रमा गरिएको छ ।

## १.५ अनुसन्धान विधि

यो अध्ययन मुख्यतया अध्ययन क्षेत्रमा अस्तित्वमा रहेका विभिन्न पद्धतिहरूमा केन्द्रित रहेर अनुसन्धान गरिएको छ । मेरो यस प्रस्तावनामा नै म प्रस्ट पार्न चाहन्छु कि मेरो अनुसन्धान खोजमूलक र विश्लेषणात्मक नभई सामान्य यथार्थपरक एवम् अध्ययनमूलक तथा वर्णनात्मक किसिमको अनुसन्धान भएको छ। यसका लागि निम्न प्रकारका स्रोतहरूलाई आधार मानिएको छ ।

### १.५.१ तथ्याङ्कका स्रोतहरू

#### क) प्राथमिक स्रोत

प्राथमिक स्रोत अन्तर्गत आश्रम क्षेत्रसँग सम्बन्धित पुराना लिखत सामग्रीहरूको खोजी कार्य गरिएको छ । यसका अतिरिक्त आश्रमका बारेमा जानकार संरक्षण समितिका प्रबुद्ध व्यक्तित्व, मन्दिरका पुजारी, सञ्चालक समितिका पदाधिकारी, श्रद्धालु भक्तजनहरू आदिसँग अन्तर्वार्ता लिइएको छ । साथै त्यहाँ रहेका विभिन्न वस्तुहरू तथा संरचनालाई प्रत्यक्ष रूपमा अध्ययन गरिएको छ ।

#### ख) द्वितीय स्रोत

द्वितीय स्रोतका सन्दर्भमा यस नीलकण्ठ महादेव आश्रमसँग सम्बन्धित पुस्तकहरू, लेख, रचनालाई सहायक स्रोतका रूपमा सङ्कलन गरी शोधपत्र तयार पारिएको छ ।

### १.५.२ तथ्याङ्कको समग्रता र नमुना छनोट विधि

यस अध्ययनको लागि कास्की जिल्ला पोखरा उप-महानगरपालिका अर्न्तगतको वडा नं. ३, नारायणस्थान नदीपुरमा अवस्थित नीलकण्ठ महादेव आश्रमको सामाजिक, धार्मिक एवम् सांस्कृतिक प्रभाव र महत्वलाई उजागर गर्ने केही व्यक्तिहरूसँग अन्तर्वार्ता पनि लिइएको छ ।

### १.५.३ तथ्याङ्क सङ्कलन तरिका

तथ्याङ्क सङ्कलन गर्दा यस आश्रमका (मन्दिर) का लिखित दस्तावेज, आश्रम सञ्चालक समितिका पदाधिकारीहरू पुजारी एवम् अन्य जानकार व्यक्तिहरूको अन्तर्वार्ता तथा प्रश्नावलीका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

### १.५.४ तथ्याङ्क विश्लेषण

माथि उल्लेखित क्षेत्रबाट प्राप्त गरिएका प्राथमिक तथ्याङ्कहरूलाई आवश्यकता अनुसार तालिकीकरण गरी त्यसका आधारमा विश्लेषण तथा वर्णन गरिएको छ ।

## १.६ महत्त्व तथा सीमाङ्कन

कुनै पनि क्षेत्रको अध्ययन अनुसन्धान गर्नु पूर्व त्यसको महत्त्वबारे जान्नु अत्यावश्यक छ । यस आश्रमले सामाजिक, धार्मिक एवम् सांस्कृतिक रूपमा के-के महत्त्व राख्दछ भन्ने कुराका आधारमा शोधकर्ताले आफ्नो शोधपत्र तयार गर्नुपर्ने हुन्छ । यस शोधकार्यको महत्त्व निम्न बमोजिम रहेको छ :

क) यस शोधकार्यबाट पाठकहरूले पोखरा उ.म.न.पा. ३ नारायणस्थान नदीपुर स्थित नीलकण्ठ महादेव आश्रमको ऐतिहासिक तथ्यका बारेमा जानकारी पाउने छन् ।

ख) यस शोध कार्यबाट उक्त आश्रम क्षेत्रसँग सम्बद्ध व्यक्ति तथा संघ संस्थाद्वारा दिइएका योगदान बारे पाठकहरूलाई जानकारी गराइने छ ।

ग) यस शोधकार्यबाट आश्रम क्षेत्रले सामाजिक, धार्मिक तथा सांस्कृतिक रूपमा पारेको प्रभावबारे जानकारी हुनेछ ।

घ) शोधकार्यले त्यस धार्मिक क्षेत्र र वरपरको क्षेत्रको संरक्षणका लागि त्यहाँका समितिद्वारा गरी आएको पहल र भविष्यमा गर्नुपर्ने कार्ययोजनाबारे सुसूचित गराइने छ ।

ङ) यस शोधकार्यबाट नीलकण्ठ आश्रमको चिनारी गराई आन्तरिक र वाह्य पर्यटकहरूको गन्तव्यस्थलको रूपमा परिचित गराउने ।

हाम्रो देश नेपाल क्षेत्रफलको हिसाबले सानो भएतापनि धार्मिक, सांस्कृतिक, कला र कौशलका दृष्टिले विशाल छ । नेपालको विभिन्न कुना काप्चामा छरिएर रहेका देव देवालय, पुराना भवन हाम्रा अमूल्य निधि हुन् । इतिहासका कुराहरूलाई वर्तमानमा परिचित गराउन सकिएन भने यो लोप भएर जान सक्छ । खोज तथा अनुसन्धानको अभावका कारण कतिपय ऐतिहासिक वस्तुहरू हराएर गएका छन् । तिनका प्रमाणहरू नष्ट भएका छन् । त्यसैले राज्य स्तरबाट नै त्यस्ता कार्यहरूको थालनी गर्न सके भावी पिंढीले सही सूचना प्राप्त गर्दछन् ।

सबै मठ मन्दिर उत्तिकै महत्वपूर्ण र ऐतिहासिक भएता पनि अध्ययन समय र स्रोतको अभावले सम्भव नहुने भएकाले मेरो शोधपत्रमा केबल गण्डकी अञ्चल, कास्की जिल्ला पोखरा उप-महानगरपालिकामा रहेका केही मठमन्दिरको सामान्य परिचय संलग्न छ । पोखरा वडा नं. ३ नारायणस्थान नदीपुरमा अवस्थित नीलकण्ठ महादेव आश्रम क्षेत्रको सामाजिक, धार्मिक एवम् सांस्कृतिक पक्षको अनुसन्धानमा केन्द्रीकृत गरिएको छ ।

## १.७ अध्याय विभाजन

नीलकण्ठ महादेव आश्रम (महादेव मन्दिर) शीर्षकसँग सम्बन्धित यस शोधकार्यलाई प्रभावकारी, विश्वसनीय र व्यवस्थित तरिकाले प्रस्तुत गर्नका लागि अनुसन्धान कार्यलाई निम्न भागमा वर्गीकरण गरिएको छ ।

अध्याय विभाजन निम्न बमोजिम गरिएको छ :

अध्याय १ : अध्ययनको परिचय

१.१ अध्ययनको पृष्ठभूमि

१.२ समस्याको कथन

१.३ अध्ययनको उद्देश्य

१.४ पूर्व कार्यको समिक्षा

१.५ अनुसन्धान विधि

१.५.१ तथ्याङ्कका स्रोतहरू

क) प्राथमिक स्रोत

ख) द्वितीय स्रोत

१.५.२ तथ्याङ्कको समग्रता र नमूना छनोट विधि

१.५.३ तथ्याङ्क सङ्कलन तरिका

१.५.४ तथ्याङ्क विश्लेषण

१.५.५ महत्व तथा सीमांकन

अध्याय २ : अध्ययन क्षेत्रको परिचय

२.१ कास्की जिल्लाको भौगोलिक तथा ऐतिहासिक परिचय

२.१.१ ऐतिहासिक पृष्ठभूमि

२.१.२ कास्कीको नामाकरण

२.२ पोखराको संक्षिप्त परिचय

अध्याय ३: पोखराका केही मठ मन्दिर तथा ऐतिहासिक स्थलहरूको संक्षिप्त परिचय

३.१ नारायणस्थान धार्मिक क्षेत्रमा रहेका मठ मन्दिर तथा चैत्यको परिचय

३.१.१ लक्ष्मीनारायण मन्दिर

३.१.२ राधाकृष्ण मन्दिर

३.१.३ ब्रह्मचर्याश्रम (ब्रह्मचारी मन्दिर)

३.१.४ बौद्ध चैत्य (मैत्री चैत्य)

३.१.५ श्री बीरेन्द्र स्मृति पार्क

अध्याय ४ : नीलकण्ठ महादेव आश्रमको परिचय तथा नामाकरण

४.१ ऐतिहासिक पृष्ठभूमि

४.२ नीलकण्ठ मन्दिरको स्थापना

४.३ नामाकरण तथा आश्रमको बनोट शैली

४.४ विशेष तथा नित्य पूजा

४.५ कर्मकाण्डीय क्रियाकलापहरू तथा जनधारणा र विश्वास

अध्याय ५: नीलकण्ठ महादेव आश्रमको संरक्षण तथा सेवा समिति

५.१ पूर्व समिति तथा क्रियाकलाप

५.२ नवगठित सेवा समितिको विवरण

५.३ नीलकण्ठ महादेव आश्रम सेवा समितिको गुरु योजना

अध्याय ६ : सामाजिक, सांस्कृतिक जीवनमा नीलकण्ठ महादेव आश्रम क्षेत्रको प्रभाव

६.१ सामाजिक एवम् साँस्कृतिक प्रभाव

६.२ धार्मिक प्रभाव

६.३ वातावरणीय प्रभाव

अध्याय ७ : निष्कर्ष र सुझावहरू

७.१ परिशिष्ट

७.२ सुझावहरू

सन्दर्भसामग्री

परिशिष्टहरू

# अध्याय : दुई

# अध्ययन क्षेत्रको परिचय

## २.१ कास्की जिल्लाको भौगोलिक तथा ऐतिहासिक परिचय

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत रहेका १६ वटा जिल्लाहरूमध्येको एक बहुचर्चित जिल्ला कास्की जिल्ला हो । कास्की जिल्ला २८°७' उत्तरी अक्षांशदेखि २८°३६' उत्तरी अक्षांशसम्म र ४३°४६' पूर्वी देशान्तरदेखि ८४°१२' पूर्वी देशान्तर फैलिएर रहेको छ ।[४] यस जिल्लाको पूर्वमा लमजुङ, पश्चिममा म्याग्दी तथा पर्वत, उत्तरमा मनाङ र दक्षिणमा स्याङ्जा र तनहूँ जिल्लाहरू रहेका छन् । कास्की जिल्लाको क्षेत्रफल २०१७ वर्ग कि.मि. रहेको छ । भौगोलिक तथा सामाजिक विविधताको साथै आकर्षक पर्यावरणको कारण यो जिल्ला विश्वकै पर्यटकहरूका लागि आकर्षणको केन्द्र बन्न पुगेको छ । क्षेत्रफलको हिसाबले नेपालका ७५ जिल्लाहरूमध्ये २७ औं स्थानमा रहेको यस जिल्लाको सदरमुकाम पोखरा नेपालकै सुन्दर र सफा नगरको रूपमा परिचित छ ।[५] यस जिल्लाको अधिकांश भू-भाग अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना (ACAP) अन्तर्गत पर्दछ । औसत लम्बाइ करिब ६३ कि.मी. र चौडाइ करिब ५० कि.मी. रहेको छ । यस जिल्लालाई २ नगरपालिका, १३ इलाका र ४ निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । यस जिल्लाको उचाइ समुद्र सतहबाट ४५० मिटरदेखि ८०९१ मिटर (मादी नदीको किनारदेखि अन्नपूर्ण हिमालसम्म) रहेको छ भने सदरमुकामको उचाइ समुद्र सतहबाट ७५० मिटर रहेको छ ।[६]

जिल्ला सदरमुकाम पोखराबाट उत्तरतिर देखिने अन्नपूर्ण हिमाल शृङ्खला र माछापुच्छ्रेको विहङ्गम दृश्य र पोखरा उपत्यकाको दक्षिण-पश्चिम कुनामा रहेको फेवाताल, पोखरा बजारकै बीचबाट गहिरिएर बगेको सेती गण्डकी इत्यादि आकर्षक प्राकृतिक

---

४ *मेचीदेखि महाकाली,* भाग ३, (काठमाडौ : श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभाग, २०३१) पृ. २९७ ।

५ *कास्की जिल्ला पार्श्वचित्र,* जि.वि.स. कास्की) २०६७ पृ. १ ।

६ *ऐजन,* पृ २ ।

दृश्यहरूका केही नमुना हुन् ।[७] गण्डकी क्षेत्रको चौबिसे राज्य समूहमा पर्ने कास्की राज्य नेपालको एकीकरणपूर्व एक महत्त्वपूर्ण राज्य थियो । भौगोलिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पर्यावरणीय दृष्टिले यसको आफ्नै मौलिक पहिचान छ । चारैतिरबाट डाँडाकाँडाले घेरिएर बीचमा पोखरा उपत्यका छ भने माछापुच्छ्रे र अन्नपूर्ण हिमालको मुस्कान र फेवातालमा देखिने छायाँले सबैको मन छोएको छ । सेतीनदी, पातालेछाँगो, महेन्द्रगुफा, फेवाताल बेगनासताल आदि यस जिल्लाका अमूल्य निधि हुन् । वरिपरि देखिने वनजंगल र उत्तरी भागतिर फुल्ने लालीगुराँसले गर्दा कास्की जिल्ला बेहुली जस्तै सिंगारिएको पाइन्छ ।

भौगोलिक दृष्टिले यस जिल्ला जति समृद्ध र मनमोहक छ त्यत्तिकै जातजाति, भाषा, धर्म, रीतिरिवाज आदिका कारणले पनि यसको विशिष्ट पहिचान छ । यहाँ हिन्दु धर्म अन्तर्गतको जात प्रथामा पर्ने बाहुन, क्षत्री, जोगी, कामी, दमाई, सार्की आदि जातिहरू छन् । यिनीहरू अधिराज्यव्यापी हिन्दुधर्म तथा हिन्दु सभ्यताको विस्तारको क्रममा यहाँ आएका हुन् । तर जहाँसम्म गुरुङहरूको अवस्थितिको प्रश्न छ गण्डकी अञ्चलको पहाडी भाग नै यिनीहरूको मूल थलो हो ।[८]

### २.१.१ ऐतिहासिक पृष्ठभूमि

कास्कीमा शाहवंशीय संस्थापक राजाको नामको सन्दर्भमा जगमान गुरुङले विचित्र खान, जगती खान र कुलमण्डन शाह एउटै व्यक्तिका भिन्न नाम भएको उल्लेख गरेका छन् ।[९] राजा विचित्र खानले कास्की राज्यको स्थापना गर्दा प्रशस्त गाईको बथान लिएर पञ्चासेको लेक, खर्क, चौर तल्लो विरुवा, माथिल्लो विरुवा, अर्मला, छहरेपानी राम्चे, बाटुलेचौर, तल्लो दिप, गोठादी ग्यारजाती र पोखराको बगरलाई गौचरनको रूपमा राखी खर्कको प्रयोग गर्न लगाए । गाईको सेवा गर्ने सभ्यतालाई उनैले अगाडि बढाए । गाईको

---

७ *मेचीदेखि महाकाली, पूर्ववत्,* पादटिप्पणी नं. १, पृ. २९७ ।

८ राजाराम सुवेदी, *कास्की राज्यको इतिहास,* (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार २०६०), पृ. १२ ।

९ *ऐजन* ।

स्याहारसुसार गर्दै राज्यव्यवस्था थाम्ने परम्परा कास्कीका राजाले चलाएका हुन् ।[१०] उनैले कास्कीकोटमा गुप्तकालिकाको स्थापना गरी पञ्चोपचार र षोडशोपचार विधिले तान्त्रिक पद्धति अनुसार पूजा गरी इष्टदेवीको आराधना गर्न राना थर भएका मगरलाई पुजारी बनाइदिए । त्यसरी विचार गर्दा नेपालमा मगर र ठकुरीको एकै लक्ष्य रहेको उदाहरण चौबिसे क्षेत्रमा सर्वत्र महसुस गरिएको छ । राज्य स्थापना र सञ्चालनका अभिन्न अंगका रूपमा मात्र नभई पूजाअर्चना, तन्त्र साधनामा समेत मगरहरूको दखल रहनु त्यस कुराको गरिमामय पक्ष हो ।[११] त्यसरी ठकुरीहरू र मगरहरूको संगठनबाट निर्मित शाह (खान) राज्य त्यसपछिका दिनहरूमा मौलाउँदै जाने लक्षणहरू देखा परे । राजा विचित्र खानका छोरा नरराज खान कास्कीको राजा भएको अनुमान गरिएको छ । त्यस कुरालाई पुष्टि गर्ने वंशावली या नामक्रम वाहेक हामी सामु अन्य सामग्री छैनन् । कास्की निर्मलपोखरी निवासी झपटबहादुर रायमाझीसँग संग्रहित ५ हात लामो पुरानो नेपाली कागजको वंशावलीमा कस्केली राजाको राज्यवृद्धि गाईको सेवा गरेर भएको भन्ने आशय व्यक्त गरिएको छ भने कास्की ढिकुरपोखरी अधिकारीडाँडा, कुँवर वस्तीका कर्ण बहादुर कुँवर, जगत बहादुर कुँवर र वकिल प्रेम बहादुर कुँवरसँग संग्रहित वंशावलीमा “मगर, गुरुङ, क्षत्री, ब्राह्मणको एकै पाटो, एकै बाटो, एकै पँधेरो, एकै वनपात पनि गराएको” र कास्कीमा सबै जातको मधुर सम्बन्ध रहेकाले नै राज्य बढेको भन्ने कुरा निर्देशित गरिएबाट त्यो कुरा स्पष्ट हुन्छ । यद्यपि माथिका अनुच्छेदमा कुनै कालक्रम र समयावधिको प्रमाणिक उल्लेख गरिएको छैन । एउटा स्रोतले त्यसबेला मिचा खानका माहिला छोरा जगति खानले कास्कीका घले राजा दावाग्यलका उत्तराधिकारी नजन्मी निसन्तान रहेका मौकामा घलेको राज्यलाई पनि आफ्नै राज्यमा मिलाएको कुरा उद्घाटित गरेको छ ।[१२] यसबाट पनि कास्कीका खानशाही ठकुरी राज्यको स्थापनाको पुष्टि हुन्छ । ठकुरी राजाहरूले कोटकोटका भूमे, भयँर, देवी, देउराली, चक्र र ओल्केको पूजा गर्ने जिम्मेवारी, बलिपूजा र नागमौलो पूजा गर्ने काममा गुरुङ मुखियाहरूलाई मुखीयाली दिने परम्परा बसालेकाले गुरुङ बयोवृद्ध अनुभवीलाई मुखिया भन्ने

---

१० जगमान गुरुङ, ‘शाहवंशको उदय’, *अभिलाषा* (वैशाख, २०४३) पृ. १४६ ।

११ राजाराम सुवेदी, ‘कस्केली राजाको गाईगोठ’, (वैशाख, २०४७) पृ. ३०-४० ।

१२ जगमान गुरुङ, रिभान चौर डेरो पैंगिलामाहरूको वंशवृक्ष (पोखरा : नाथुप्रल्हाद समिति २०५४), पृ. ८ ।

रुढीबादीले जन्म लिएको कुरा पनि उद्घाटन हुन्छ ।[१३] कास्कीको इतिहास बारे राजा कुलमण्डन शाह पछि मात्र स्पष्ट रेखाङ्कन गर्न सम्भव भएको छ ।

### २.१.२ कास्कीको नामाकरण

कास्की जिल्ला अधिकांश जलाशय, ताल नदी र खोलानालाहरू भएको ठाउँ हो । फेवाताल, बेगनासताल, रूपाताल यहाँका उल्लेखनीय, रमणीय एवम् स्थायी प्राकृतिक जलाशयहरू हुन् । वैदिक कालमा तालतलाउ पर्याप्त हुने ठाउँलाई कासार भनिन्थ्यो । त्यही आधारबाट कासार भन्दा भन्दै काल क्रमले कास्की भएको हुन सक्दछ ।[१४]

कास्की क्षेत्रमा वर्षा राम्रो हुने हुँदा धन धान्यपूर्ण थियो । यहाँको उर्वरभूमि, धनधान्यपूर्ण जनजीवन, जे खेती गरे पनि राम्रो फल्ने, खोला, पहिराको डर नहुने, अनुकूल हावापानी भएकाले बसोवासयोग्य तथा यहाँका नरनारी शान्तिप्रेमी हुनाले त्यस्तो ठाउँलाई संस्कृतमा काश्यपी भनिने हुनाले पछि गएर त्यही काश्यपी शब्दबाट कास्की नाम रहेको हुन सक्दछ ।

कास्कीको नामाकरणको सम्बन्धमा प्राग-ऐतिहासिक कालमा हिन्दू महर्षिहरूले कास्कीमा तपस्या गरी जीवन व्यतीत गर्न पाए भाग्यशाली ठान्दथे । त्यस्ता ऋषिहरूमा कश्यपको नाउँ सर्वोत्कृष्ट रहेको छ । ऋषि कश्यप कास्कीकोटकै धुरीमा कुटी रचना गरी आफ्नो जीवनको उत्तरार्ध मानव सभ्यता, ज्ञान र स्वास्थ्यलाई लाभान्वित पुऱ्याउन उद्यत थिए । उनकै स्मरण गर्ने ध्ययेले सो ठाउँको नाम कास्की रहेको हुन सक्छ ।[१५] आज पनि सो टाकुरीमा ऋषि कश्यपका भग्न कुटिया र सानो पोखरी छँदैछ ।

कास्की क्षेत्रका पाटन, नदीका किनार, पट्ट बाँझा क्षेत्रहरूमा यत्रतत्र सेतै काँश फुलेका देखिन्छन् । काँस घाँसबाट छाना छाउन र गुन्द्री सुकुल बनाउन उपयोगी हुने हुँदा

---

१३ सुवेदी, *पूर्ववत्,* पादटिप्पणी नं. ५, पृ. १०५ ।

१४ राजाराम सुवेदी, "कास्की राज्यको इतिहास", *कास्की स्मारिका,* वर्ष अंक (काठमाडौ : कस्केली प्रजातान्त्रिक समाज २०५६) पृ. १-६, ।

१५ *ऐजन* ।

त्यही काँश शब्दबाट कास्की भएको हुन सक्छ । किनभने काँश प्रत्ययमा अव्यय “कि” उपसर्ग संयोजक वा निपात लागि कास्की बन्न सक्छ ।[१६]

माथि उल्लेखित विभिन्न वर्णनबाट यो सङ्केत मिल्दछ कि कास्की जिल्लाको नामाकरण बारे स्पष्टता र विश्वासिलो प्रमाण आजसम्म पाउन सकिएको छैन । ऋषिका नाम तथा वनस्पतिको आधारमा नामाकरण भएको पनि देखिन्छ । जेहोस् मध्यकालीन इतिहासमा हालको कास्की जिल्ला महत्त्वपूर्ण स्थानको रुपमा रहेको हुनाले यसको नामाकरणका केही न केही आधारहरू हुनुपर्छ ।

## २.२ पोखराको सङ्क्षिप्त चिनारी

नेपाल अधिराज्यमा रहेका नगरपालिका मध्येमा राजधानी काठमाडौंपछिको एक महत्त्वपूर्ण शहर पोखरा उपमहानगरपालिका हो । यो नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत रहेको गण्डकी अञ्चलको कास्की जिल्लामा अवस्थित छ । वरिपरिबाट पहाडी धरातलले घेरिएकोले यसलाई पोखरा उपत्यकाको नामले पनि चिनिन्छ । भौगोलिक दृष्टिकोणले हेर्दा पोखरा उपत्यका ८३$^{\circ}$ ४८' पूर्वी देशान्तरदेखि ८४$^{\circ}$ ११' पूर्वी देशान्तर र २७$^{\circ}$ ५५' उत्तरी अक्षांशदेखि २८$^{\circ}$ २३' उत्तरी अक्षांशसम्म फैलिएर रहेको नेपालको एक बहुचर्चित पर्यटकीय स्थल हो । यसको क्षेत्रफल ८५० वर्ग कि.मी. रहेको छ र यसको उचाइ समुद्र सतहबाट १९१६ मी. मा रहेको छ । औसतमा यहाँको हावापानी अर्धोष्ण खालको पाइन्छ । पोखराको वरपर रहेका हरियाली र मनमोहक प्राकृतिक दृश्यको अवलोकन गर्न यहाँ वर्षेनी हजारौं स्वदेशी तथा विदेशी पर्यटकहरू आउने गर्दछन् । यहाँका विभिन्न तालतलैया तथा प्रसिद्ध सेती गण्डकीले पनि यहाँको सौन्दर्यलाई झनै माथि पुऱ्याएको छ । पोखरा कृषिका लागि पनि अति नै उर्वरभूमि मानिन्छ । यहाँ रहेका विभिन्न राष्ट्रिय सम्पदा जस्तैः नदी, ताल, हरिया पहाडहरू, पार्कहरू, संग्राहालयहरू, गुम्बा तथा मठमन्दिरहरू आदिले पनि पर्यटकलाई आकर्षण गर्दछन् । पोखरा तथा यसका नजिक पर्ने पर्यटकीय स्थलहरू जस्तै सराङकोट टावर (Sarangkot Tower) कास्कीकोटको गुप्तकालिका मन्दिर, लुम्ले कृषि अनुसन्धान केन्द्र, पञ्चासे, काहुँ धरहरा, अर्मलाकोट, महेन्द्र गुफा, पातले छाँगो,

---

१६ चन्द्रकान्त पौडेल, “कास्कीकोटको ऐतिहासिक अध्ययन”, पृथ्वीनारायण क्याम्पस, स्नातकोत्तर तहमा प्रस्तुत शोधपत्र, २०५९, पृ. २० ।

चमेरे गुफा, डेभिज फल (Davis falls), सेती गोर्ज, पोखरा रंगशाला आदिले पोखराको महत्त्वलाई झनै बढाइदिएको छ । यी पर्यटकीय स्थलको भ्रमणका लागि वर्षेनी विदेशी पाहुनाहरूको बढी घुइँचो लाग्ने गर्दछ ।[१७]

पोखराका स्थानीय बासिन्दाहरूको पाहुनाप्रतिको स्वागतमा देखाइने अनौठो खालको सरल स्वभावका कारणले पनि विदेशी पर्यटकहरू आकर्षित हुन्छन् । पोखरा कला तथा संस्कृतिले पनि भरिपूर्ण छ । पोखरा तथा यस आसपासका क्षेत्रमा वर्षेनी विभिन्न खालको महोत्सव तथा पर्वहरू पनि मनाउने गरिन्छ । जस्तैः सडक महोत्सव, गाईजात्रा महोत्सव, लेखनाथ महोत्सव, पोखरा महोत्सव, शिवरात्री महोत्सव आदि । विभिन्न चाडपर्वहरू जस्तैः दसैं, तिहार, होली, शिवरात्री, कृष्णाष्टमी आदि पनि मनाउने गरिन्छ । धान रोपाई पर्व (Rice Planting Festivals) मा पनि विदेशी पर्यटकहरू रमाउने गर्दछन् । पोखरामा हरेक वर्ष विभिन्न खालका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुदको पनि आयोजना भइरहन्छ ।

पोखरा धार्मिक, ऐतिहासिक तथा प्राकृतिक सौन्दर्यका दृष्टिले पनि नेपालको एक महत्त्वपूर्ण शहर हो । तसर्थ यो शहर पर्यटकहरूका लागि पनि गन्तव्यस्थल बनेको छ । सम्पूर्ण पोखरा क्षेत्र नै नेपालको एक उत्तम पर्यटन गन्तव्य हो । यहाँको मनोरम प्राकृतिक वातावरण र सांस्कृतिक परिवेश यस सम्भावनाको ज्वलन्त उदाहरण हो । नेपालमा आउने पर्यटकहरू पोखराको भ्रमण नगरी फर्कने प्रायः कमै हुन्छन् । यहाँको भौगोलिक वातावरणले पर्यटकलाई आकर्षण गर्दछ । यहाँको भू-बनावट, सुन्दर हिमशृङ्खलाहरुको दृश्यावलोकन स्थलहरू, समशीतोष्ण हावापानी र सांस्कृतिक परिवेश पनि अत्यन्त पर्यटकमैत्री छन् । विभिन्न जाति जनजातिका जात्रा, चाडवर्प, मेला, खानपान तथा भाषाशैली, परम्परा, धार्मिक स्थलहरूको भ्रमण र दृश्यावलोकनले पर्यटकहरूलाई सधैं आकर्षित गरिरहेको हुन्छ । पोखराका विभिन्न मठमन्दिर तथा ऐतिहासिक स्थलहरूमा वर्षेनी बाह्य तथा आन्तरिक पर्यटकहरूको घुइँचो लाग्दछ । पोखरामा पर्यटकहरूले पर्यटकीय स्थल तथा सामाजिक-सांस्कृतिक परम्पराहरूको अवलोकनका साथै राम्रो आवास र अतिथि सत्कार पनि गर्न सक्दछन् ।

---

१४ हेमप्रसाद तिमिल्सिना, “पोखरा भ्याली इज अ ह्याङ्गिङ गार्डेन आफ दि अर्थ”, *कास्कीकोट दिग्दर्शन,* (पोखरा : कास्कीकोट पोखरा सम्पर्क समिति, २०६९), पृ. २०९ ।

# अध्याय : तीन

# पोखराका केही मठमन्दिर तथा धार्मिक स्थलहरूको सङ्क्षिप्त परिचय

पोखराका विभिन्न स्थानमा रहेका मठमन्दिरहरूको आ-आफ्नै महत्त्व रहेको छ । नारायणस्थान धार्मिक क्षेत्र अन्तर्गत पर्ने लक्ष्मीनारायण मन्दिर, नीलकण्ठ महादेव आश्रम, राधाकृष्ण मन्दिर, फेवातालमा अवस्थित तालबाराही मन्दिर, लेकसाइडमा रहेको केदारेश्वर महादेव मन्दिर, छोरेपाटनस्थित गुप्तेश्वर महादेव गुफा, विन्ध्यावासिनी मन्दिर, भद्रकाली मन्दिर, राम मन्दिर तथा शितलादेवी मन्दिर- रानीपौवा, गीता मन्दिर- रामघाट, जाल्पादेवी मन्दिर- सिमलचौर, गणेश मन्दिर, भगवती मन्दिर- तेर्सापट्टी, भैरव मन्दिर- भैरवटोल, देवी पञ्चाङ्ग मन्दिर- बगर, रामकृष्ण मन्दिर, विश्वकर्मा मन्दिर-रामबजार, शिवालय मन्दिर- सिम्पानी आदि धार्मिक मठमन्दिरहरू प्रसिद्ध छन् ।

## ३.१ नारायणस्थान धार्मिक क्षेत्र परिसरमा रहेका मठमन्दिर तथा चैत्यको संक्षिप्त परिचय

### ३.१.१ लक्ष्मीनारायण मन्दिर

नारायणस्थान धार्मिक क्षेत्र अन्तर्गत रहेको एक महत्त्वपूर्ण मन्दिर लक्ष्मीनारायण मन्दिर हो । यो मन्दिर यस क्षेत्रको पूर्व दक्षिणतिर अवस्थित छ । यो मन्दिरको स्थापना वि.सं. १९३७ पूर्व भएको हो । जङ्गबहादुर राणाको शासनकालदेखि नै जग्गा प्राप्त गरी यहाँ मन्दिरको स्थापना भएको हो । हाल यस मन्दिरका मूल पुजारी पुष्पराज लामिछाने रहेका छन् । वि.सं. १९३७ पूर्व फिरत ब्रह्मचारी गणेश गिरीले श्री लक्ष्मीनारायण मन्दिर स्थापना गरी भिक्षाबाट १२० मुरी उब्जने खेत र मन्दिर परिसरमा १० रोपनी (मन्दिर परिसर क्षेत्र) जग्गाको व्यवस्था गरी नित्य-नैमित्तिक पूजाका निमित्त देवीदत्त उपाध्याय पराजुलीलाई पुजारी राखिएको र वि.सं. १९४५ पौष १ गते श्री ३ वीर शमशेरद्वारा खेतको आयस्ताले सदावर्त चलाई देवालयको मर्मत सम्भार गरी नित्य नैमित्तिक पूजा व्यवस्था र अतिथि सत्कारको व्यवस्था समेत गरिएको र वि.सं. १९५८ मा श्री ३ देव शमशेरले पुजारीको

आचारसंहिता तोकी खान्की समेतको रकम दरवन्दी व्यवस्था मिलाई कृष्णास्टमी र एकादशी जस्ता पर्वहरूमा धार्मिक कार्य सञ्चालन गर्ने व्यवस्था भएको सनद सवालबाट प्रष्ट हुँदै आएको छ ।[१८]

### ३.१.२ राधाकृष्ण मन्दिर

यस मन्दिरको स्थापना वि.सं. १९७८ मा भएको थियो । मन्दिरमा रहेको शिलालेख अनुसार, संस्थापकाचार्य : १९७८ मा प्रथम आवृत्ति पं. मुकुन्दशरण उपाध्याय, द्वितीय आवृत्ति १९९२ पं. युवराज उपाध्याय, तृतीय आवृत्ति २०५२ श्री पं.गणेश प्रसाद अधिकारी भन्ने उल्लेख छ ।

वि.सं. २०७० असोज १४ गते श्री पं. गणेश प्रसादको स्वर्गारोहण पश्चात् केही समय मन्दिर पुजारी विहीन बन्न पुग्यो । केही समयपछि जीवनराज बरालबाट नित्य पूजा भइरहेको पाइन्छ । राधाकृष्ण मन्दिरका हालका पुजारी पं. जीवनराज बराल छन् । हालको व्यवस्थापन समितिका अध्यक्ष कृष्ण पराजुली रहेका छन् । यो मन्दिर नीलकण्ठ महादेव मन्दिरको नजिकै पश्चिमपट्टि रहेको छ । यहाँ विवाह ब्रतबन्ध तथा अन्य कर्मकाण्डहरू समय समयमा भइरहन्छन् । शुभ कार्यको लागि आउने भक्तजनहरू तथा दर्शनार्थीहरूले मन्दिर नजिकै रहेको भवनको पनि प्रयोग गर्न पाउँछन् ।

### ३.१.३ ब्रह्मचर्याश्रम (ब्रह्मचारी मन्दिर)

यो मन्दिर नीलकण्ठ महादेव आश्रमबाट उत्तरपट्टि रहेको छ । वि.सं. १९९७ मा श्री १०८ बालकृष्ण आवाल ब्रह्मचारीबाट आश्रमको स्थापना भएको हो । उहाँ नै यसको संस्थापक हो । उहाँको जन्म सम्वत् १९४५ मा भएको थियो । संस्थापक गुरु ब्रह्मचारीले स्थापना गरी पूजाआजा गर्दै आएका थिए । मण्डपमा संस्थापक गुरुको प्रतिमा राखिएको छ । उनी ब्रह्मलीन गुरुको नामले प्रसिद्ध थिए । यहाँ वि.सं. २०५७/११/२१ मा गुरु मण्डप निर्माण भएको पाइन्छ र मण्डप नजिकै अग्निशाला जिर्णोद्धार गरिएको छ । नेपाली भाषाको उत्पत्ति नै संस्कृत भाषाबाट भएको मानिन्छ तसर्थ लोप हुँदै गएको संस्कृत विद्यालाई महत्त्व

---

१८ मिति २०६९ साल फागुन १३ गते लक्ष्मीनारायण मन्दिर हाताभित्र रहेको शिलालेखबाट टिपोट गरिएको ।

दिनु आजको आवश्यकता हो भन्छन् हालका मूल पुजारी महेश्वर सुवेदी । मण्डप तथा मन्दिर परिसर सँगै रहेको एक भवनमा ब्रतबन्ध तथा वैवाहिक कार्यक्रमहरू पनि गराइन्छन् । यहाँ दैनिक जसो वेदपाठ, अखण्ड हवन तथा रुद्रीपाठ गरिन्छ ।

संस्थापक गुरु आवाल ब्रह्मचारीको पालामा ७०-८० जना वटुकहरू यही आश्रम स्थलमा आएर संस्कृत विद्या अध्ययन (पढाइ) गर्दथे । हाल यहाँ १२ जना साना विद्यार्थी भाइहरूलाई पढ्ने व्यवस्था गरिएको छ । रुद्रीपाठ तथा कर्मकाण्डहरू सम्बन्धीको पढाइ मन्दिर हाताभित्रै हुने गरेको छ । थप शिक्षा संस्कृत मा.वि., बगर र चिसाखोला संस्कृत विद्यालय सराङकोटमा गराइन्छ । अर्थात् हाल ती १२ जना साना विद्यार्थीहरूको औपचारिक शिक्षाको लागि यी दुईवटा विद्यालयले सहयोग गरिरहेका छन् ।

यस मन्दिरको नाममा ७ रोपनी गुठी जग्गा विजयपुर (हालको लेखनाथ न.पा.) मा रहेको छ । उक्त खेतबाट वर्षेनी ८/९ मुरी धान आउने गरेको छ । मन्दिरको आम्दानी तथा दाताहरूको सहयोग लिई यस मन्दिर परिसरमा नै मोहऋषि गुरुकुल विद्यापिठ खोल्ने र संस्कृत विद्यालाई संस्थागत गर्ने भन्ने भावी योजना रहेको छ ।[१९]

### ३.१.४ बौद्ध चैत्य (मैत्री चैत्य) तथा मैत्री भवन

वि.सं. १९३० सालमा पोखराको तेर्सापट्टिमा जन्मनुभएका स्व.खरदार रत्नमान उदास जसले मैत्री चैत्य स्थापना गर्नुभएको थियो । वहाँ एक विशुद्ध आध्यात्मिक व्यक्तित्त्व हुनुहुन्थ्यो । "प्राङ्गण" साहित्यिक त्रैमासिकको पोखरेली प्रतिभा अंकमा उल्लेखित उहाँको परिचयमा उहाँ संस्कृतको ज्ञाता रहनुभएको पनि उल्लेख छ । ऐतिहासिक कागजातबाट प्राप्त जानकारी अनुसार उहाँ बुद्धिमानको छोरा र जोगरत्न गुभाजुको नाति रहनुभएको स्पष्ट देखिन्छ । जोगरत्न गुभाजु पाटन गाः बहालबाट आउनुभएको बुझिन्छ । तिनै स्व. रत्नमान खरदारको आध्यात्मिक चिन्तनबाट उनकै पहलमा नारायणस्थान स्थित बौद्ध चैत्य (मैत्री चैत्य-२०५२) तथा चैत्यसँगैको करुणामय मन्दिर वि.सं. १९६३/६४ तिर निर्माण भएको हो ।

वि.सं. १९६३/६४ तिर निर्मित बौद्ध चत्यलाई पुननिर्माण गर्ने कार्य २०५२ सालमा भएको हो । पुननिर्माण कार्यसँगै नारायणस्थान स्थित उक्त चैत्यलाई वि.सं. २०५२ सालमा मैत्री चैत्य नाम राखियो । सम्भवत अहिलेसम्म प्राप्त जानकारी अनुसार वि.सं. १९६० को दशकमा

---

१९. मिति २०७० साल पौष २९ गते पुजारी श्री महेश्वर सुवेदीसँग लिएको अन्तर्वार्ताबाट ।

निर्मित यो चैत्य पोखरामा हालसम्म उपलब्ध भएका चैत्यहरूमा सबैभन्दा पुरानो हो ।

यस चैत्य निर्माण पश्चातको इतिहासलाई हेर्दा वि.सं. २०३० पछिका दिनहरूसम्म आइपुग्दा चैत्यको चारै पाटामा बनाइएका खोपामा रहेका बुद्धका सुन्दर मूर्तिहरू चोरी भएपछि त्यस ठाउँमा ढुङ्गाका मूर्ति राखिएका थिए । पछि ती ढुङ्गाका मूर्ति पनि हराए । खोपा खाली भए । चैत्यको लगभग ३ मिटर जतिको दूरीमा उत्तराभिमुख करुणामयको सानो मन्दिर थियो । सुरुमा करुणामयको मूर्ति पनि धातुकै थियो । त्यो मूर्ति पनि चोरी भयो । उक्त मूर्ति चोरी भएपछि त्यस मूर्तिको ठाउँमा सेती गण्डकीबाट ल्याएको अण्डाकारको एउटा चिप्लो ढुङ्गो राखिएको थियो । चैत्यको ठीक पश्चिममा त्यस्तै ४/५ मिटर पर ढुङ्गाले छापेको सानो पाटी थियो । त्यो पाटी वि.सं. २०३० सम्म यथावत थियो । चैत्य र पाटी बीचको भूइँमा चैत्य नजिकै चौकुना परेको बज्र कुँदिएको एउटा कालो ढुङ्गो थियो । ढुङ्गासँगै चार कुना परेको खाल्टो पनि थियो । बज्रयानी बौद्ध परम्परा अनुसार श्राद्ध, होमादि कर्मकाण्ड गर्ने थलो थियो त्यो । त्यसै भएर चैत्य नजिकै पाटी बनाइएको थियो ।

समयको कालखण्डमा नारायणस्थानको आध्यात्मिक, शैक्षिक र सामाजिक वातावरणमा परिवर्तन हुँदै गए । वि.सं. २०३८/०४० सम्म आइपुग्दा यस चैत्य तथा नारायणस्थानको सौन्दर्यतामा नै कमी हुन पुग्यो । नारायणस्थान क्षेत्रले आफ्ना सम्पूर्ण गौरवमय र सुन्दर इतिहासलाई रसातलमा पुऱ्याएर यस क्षेत्रमा रहेका सुन्दर पाटीपौवासहित चैत्य पनि खण्डहरमा परिणत हुँदै गए । यस्तो दयनिय अवस्थामा बौद्ध चैत्य तथा सम्पूर्ण नारायणस्थान क्षेत्रकै ऐतिहासिकता र महत्त्वलाई पुनर्जीवित तुल्याउन वि.सं. २०५० को दशकको प्रारम्भसँगै स्थानीय बौद्धमार्गीहरू सचेत भएर जुर्मुराउन थाले । यसै प्रयासस्वरूप स्व. रत्नमान खरदारकै पुत्र शिवमान उदासको अध्यक्षतामा चैत्य पुनर्निर्माण समिति गठन भयो । समिति गठनपछि तत्कालै वि.सं. २०५२ वैशाख ३१ गते २५३९ औँ बुद्धजयन्तीका दिन पोखरा नगरपालिकाका तत्कालीन नगरप्रमुख भोला थापाद्वारा शिलान्यास भई तीन महिनाभित्र निर्माण सम्पन्न गरी त्यसै वर्ष आषाढ २८ गते आषाढ पूर्णिमाका दिन उनैबाट अनावरण भएको हो ।[२०]

तत्पश्चात हालसम्म यस मैत्री चैत्यको संरक्षण तथा सम्बर्धन गर्ने कार्य सम्बन्धित समितिले गर्दै आइरहेको छ । हाल यो चैत्य अत्यन्तै आकर्षक छ । मैत्री चैत्यको निर्माणले

---

२० विश्व, शाक्य, *बुद्ध, बौद्ध र हामी,* (पोखरा : नरेन्द्रमान लालचन, २०७०), पृ. ११४ र ११५ ।

एकातिर पुर्खाहरूले स्थापित गरेको ऐतिहासिक धरोहरलाई पुनर्जीवित तुल्याउन सकिएको छ भने अर्कातिर नयाँ पुस्तालाई धर्मसंवेग जागृत गराउन सघाउ पुऱ्याएको छ । यतिमात्र होइन, मैत्री चैत्यको पुननिर्माण सँगसँगै चैत्यको संरक्षणका साथै चैत्य निर्माण कार्यमा संलग्न धर्मपरायण मनहरूलाई धर्ममा जागरुक र सङ्गठित गराई राख्ने उद्देश्यले तत्काल 'मैत्री सङ्घ' नामक संस्था स्थापनामा पनि सघाउ पुगेको छ । यो संयोगमात्र नभएर एउटा सुखद अवसर र अनुभूति पनि हो ।[२१] वि.सं. १९६० को दशकमा निर्मित करुणामय तथा मैत्री चैत्य कै प्राङ्गणमा वि.सं. २०५७ जेठ १८ गते पोखराका वयोवृद्ध भिक्षु शुभद्रबाट शिलन्यास भई प्रथम चरणको निर्माण कार्य सम्पन्न भएको यस विपश्यना ध्यान कक्ष मैत्रीसंघ भवनको श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट मिति २०५७ मंसिर २४ गते शनिबारका दिन समुद्घाटन भएको हो ।[२२]

मैत्री चैत्यको पुननिर्माण कार्य सम्पन्न पश्चात चैत्यको नजिकमै पश्चिमपट्टि एक भवनको निर्माण गरिएको छ, जसलाई मैत्री भवनको नामले चिनिन्छ । मैत्री संघ पोखरा २०५३ का संस्थापक अध्यक्ष विश्व शाक्यको अथक प्रयासबाट वि.सं. २०५६ सालमा मैत्री भवनको निर्माण भएको हो । बालबालिकाहरूलाई नैतिक शिक्षा उपलब्ध गराउने र गरिब परिवारका छोराछोरीहरूलाई विभिन्न विद्यालयहरूमा सम्पर्क गराई १० कक्षासम्म निःशुल्क शिक्षा दिलाउने र समय समयमा अध्ययन भ्रमण गराउने उद्देश्यले मैत्री संघको स्थापना २०५३ सालमा भएको हो । बालबालिकाहरूलाई नैतिक शिक्षा दिने र पठनपाठनको गृहकार्यमा समेत सहयोग पुऱ्याउने उदेश्यले विहानी कक्षा सञ्चालनको कार्य २०५६ सालदेखि मैत्री भवनमा सुरु गरिएको हो । उक्त कक्षा सञ्चालन कार्य मैत्रीभवन निर्माणपूर्व नै कोपिलढुङ्गामा सुरु गरिएको थियो । उक्त कार्य मैत्रीसंघका संस्थापक अध्यक्ष विश्व शाक्यको सक्रियतामा भएको थियो । मैत्री संघको अध्यक्षमा विश्व शाक्य (संस्थापक अध्यक्ष), गोविन्द ताम्राकार, विक्रम उदास हुँदै हाल आएर राधेश्याम उदास कार्यवाहक अध्यक्ष छन् । साथै वर्तमान समयमा 'सिद्ध सेतुली स्मृति प्रतिष्ठान' ले मैत्री संघका विभिन्न कार्यक्रमहरूमा सहयोग गर्दै आइरहेको छ ।[२३]

---

२१ *ऐजन* ।

२२ मैत्री भवनमा रहेको शिलालेखबाट टिपोट गरिएको ।

२३ मिति २०७०/०६/२६ गते मैत्रीसंघका पूर्व अध्यक्ष गोविन्द ताम्राकारसँग लिएको अन्तर्वार्ता ।

### ३.१.५ श्री वीरेन्द्र स्मृति पार्क

वि.सं. २०४६ साल चैत्र २६ गते नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भयो तर देशमा शान्ति सुरक्षाको अवस्था भने ३० वर्षे पञ्चायती शासन व्यवस्थामा भन्दा पनि कमजोर बन्दै गयो । प्रजातन्त्रको नाममा राष्ट्रमा हुँदै नभएका काल्पनिक राजनीतिक दलहरू वर्षायामको च्याउ उम्रेझैँ उम्रदै गए । नेतागिरीको चलन बढ्दै गयो । यस्तै अवस्थामा देशमा असुरक्षा बढ्दै गएको पाइन्छ । वि.सं. २०५८ साल जेष्ठ १९ गते राती नारायणहिटी राजदरबार हत्याकाण्ड हुनुले पनि तत्कालीन समयमा देशमा शान्ति सुरक्षाको अवस्था कस्तो थियो भन्ने बारेमा प्रस्ट हुन्छ ।

वि.सं. २०५८ साल जेठ १९ गते राजा वीरेन्द्रको सपरिवार हत्या भएपछि उनकै सम्झनामा राजाको नामबाट वीरेन्द्र स्मृति पार्कको स्थापना गरिएको हो । राजा वीरेन्द्रको देहावसानको ४५ औं दिनसम्ममा एक चौताराको निर्माण गरियो । त्यसपछि गंगादेवी पराजुलीले नगरपालिकाको रोहबरमा १२६३.६० वर्ग मी. जग्गा पार्क निर्माणका लागि उपलब्ध गराइन् र त्यसपछि पार्क निर्माण कार्यलाई अगाडि बढाइयो ।[२४] वातावरण स्वच्छ, सफा, हराभरा राख्ने उद्देश्यले पार्क निर्माण गरिएको थियो र हालको उद्देश्य पनि त्यही नै हो । साथै हाल आएर वृक्षारोपणको कार्यलाई मध्यनजर राखी दुर्लभ रुखविरुवाको संरक्षण गर्ने थप उद्देश्य रहेको छ । वीरेन्द्र स्मृति पार्क संरक्षण समितिको अध्यक्षमा हाल दीपकलाल उदास रहेका छन् । यस पार्कको संस्थापक अध्यक्ष पनि उनी नै थिए ।

वि.सं. २०६१/२/२४ मा नै कि.नं. १२९ पोखरा उ.म.न.पा-३ मा श्री ५ वीरेन्द्र स्मृति पार्कको नाममा जग्गाधनी प्रमाण पूर्जा प्राप्त भएको हो । साथै नापी शाखा कास्कीबाट समेत १२९ कि.नं. वीरेन्द्र स्मृति पार्कको भएको सावित देखिन्छ । पछिल्लो समयमा वीरेन्द्र स्मृति पार्कको हाताभित्र नै पूर्व मन्त्री गोपालमान श्रेष्ठद्वारा शान्ति बौद्ध चैत्यको समेत शिलन्यास भई निर्माण कार्य सम्पन्न भएको छ । यति हुँदासम्म पनि पार्क निर्माणमा हाल आएर केही विरोधीहरू देखा परेका छन् । जसले गर्दा पार्क निर्माण स्थल,

[२४] मिति २०७० साल पौष २१ गते पार्क निर्माणका संस्थापक अध्यक्ष दीपकलाल उदाससँग लिइएको अन्तर्वार्ता ।

कि.नं. १२९ को जग्गा हाल पनि विवादास्पद देखिन्छ ।[२५] स्मृति पार्क परिसरभित्र संरक्षण समितिको कार्यालय रहेको छ । पार्कभित्र विभिन्न थरिका फूलका बिरुवाहरूदेखि लिएर अन्य बोटविरुवाहरू पनि तयार गरी विक्री वितरण समेत गरिन्छ । विभिन्न थरिका फूलका गुच्छाहरू पनि विक्री गरिन्छ । साथै कागती, बेलाउती, आँप, लिची, नास्पति, अंगुर, स्याउ लगायतका विभिन्न खाले विरुवाहरूको पनि विक्री वितरण गरिन्छ ।

वि.सं. २०६८ सालमा पार्क परिसरभित्र श्री शान्ति बौद्ध चैत्यको निर्माण गरिएको छ । चैत्य निर्माणसँगै एक भवनको पनि निर्माण गरिएको छ । उक्त भवनमा पार्क परिसर रेखदेख र जिम्मा लिने व्यक्ति बस्दै आएका छन् ।[२६]

## ३.२ पोखराका अन्य प्रसिद्ध मठमन्दिरहरू

### ३.२.१ विन्धवासिनी मन्दिर

पोखराको मुटुमा अवस्थित विन्धवासिनी मन्दिरको आफ्नै इतिहास र महत्त्व रहेको छ । विन्ध्यवासिनी मन्दिरको स्थापना वि.सं. १८४५ भन्दा पहिले नै भएको मानिन्छ । पोखरा उपमहानगरपालिका वडा नं. २ मा अवस्थित यो मन्दिर समुद्री सतहबाट करिब ३ हजार फिटको उचाइमा पर्दछ । पोखरा नगरीको चारैतिर प्रफुल्ल मुद्रामा देखिने हिमालहरूलाई समेत स्पष्ट दृश्यावलोकन गर्न सकिने यो मन्दिर क्षेत्र अत्यन्त मनमोहक छ । मन्दिरको पश्चिमतिर शिवालय छ भने यसै शिवालयको छेउमा भवन बनाई विन्ध्यवासिनी वैदिक विद्याश्रमका विद्यार्थीहरू र गुरुहरू बस्दछन् । यसरी करिब २३ रोपनी क्षेत्रफलमा विन्ध्यवासिनी धार्मिक क्षेत्र परिसरभित्र पार्क, तलाउ, विभिन्न जातका रुखहरू, फलफूलका बोटहरू तथा बीचमा फराकिलो सिंढी सहित रेलिङ्ग र आकर्षक प्रवेशद्वार समेत रहेको छ ।

पोखराको सबभन्दा पुरानो मानिने शक्तिपीठहरूको रूपमा विन्धवासिनी मन्दिर रहेको छ । पोखराको उत्तर पश्चिम सीमानामा यो मन्दिर रहेको छ । यहाँ विश्वनाथको मन्दिर, राधाकृष्ण मन्दिर, बौद्ध विहार पनि छ । यहाँ वैवाहिक कार्यक्रम हुने भएकाले प्राय:

---

२५ वीरेन्द्र स्मृति पार्कको जग्गा सम्बन्धी पुनरावेदन अदालतल पोखराको पत्र (विस्तृत विवरणका लागि परिशिष्ट नं. १) ।

२६ मिति २०७० साल पौष २१ गते पार्क निर्माणका संस्थापक अध्यक्ष दीपकलाल उदाससँग लिएको अन्तर्वार्ता ।

मंसिर, माघ, फागुन तथा वैशाख महिनामा मानिसहरूको घुईचो लाग्ने गर्दछ । यहाँ वडादसैंमा श्रद्धालुहरूको ठूलो भीड लाग्ने गर्दछ । यस मन्दिरमा तान्त्रिक विधिद्वारा भगवतीको पूजा वर्षमा कम्तिमा पनि दुई दिन षोडषोपचारले पूजा गर्ने उद्देश्यले स्व.पं. देवीरमण लगायतका विद्वान्हरूले पूर्णिमाका दिन विन्धवासिनी दुर्गा भवानीको षोडषोपचारले पूजा सहित सतचण्डी, नवचण्डी, वेदपाठ, पाञ्चायन देवता स्तोत्र, भागवतद्वारा स्कन्द पाठ गर्दथे ।

हिजोआज पनि मन्दिरमा एकजना पुजारीले दैनिक रूपमा बिहान, साँझ पूजा गर्दछन् । पुजारीहरू पालो-पालो गरी आफ्नो समयमा पूजा गर्दछन् भने पालो नपरेकाहरू दर्शन गर्न आउँछन् । पुजारीहरू उपाध्याय ब्राह्मणहरू छन् । उनीहरू प्राय : सबैजना मन्दिर वरपर बसोबास गर्ने गर्दछन् । बिहान देवीलाई स्नान गराई गरगहना लगाई सजाइन्छ भने बेलुका स्नान गरी गहना निकालिन्छ र चढाएका फूल तथा नैवेद्य सफा गरिन्छ ।[२७]

## ३.२.२ केदारेश्वर महादेव मन्दिर

यस मन्दिरको संरक्षण तथा संवर्धनको लागि विधिवत् रूपमा वि.सं. २०५६ सालमा समिति गठन भएको हो । यो महादेव मन्दिर पोखराको बसुन्धरा पार्क (लेकसाईड वैदाम) मा अवस्थित छ । यस मन्दिरसँगै हनुमान मन्दिर पनि रहेको छ । यस पार्कमा वैवाहिक कार्यक्रम गर्नेहरू र विवाहित जोडीहरू जीवनभर खुशी हुन्छन् भन्ने विश्वास रहेको छ । श्रावण महिनामा बोलबमका लागि श्रद्धालुहरू पोखराको बगरस्थित गाईघाटबाट जल भरेर खाली खुट्टा केदारेश्वर महादेव मन्दिरमा आई जल चढाउने चलन छ । प्रत्येक वर्ष महाशिवरात्री पर्वमा भक्तजनहरूको घुइँचो लाग्ने गर्दछ । यसको विशेष महिमा भनेको बोलबम धामको नामले चिनिन्छ । यस मन्दिरमा वैवाहिक तथा ब्रतबन्ध जस्ता सामाजिक कार्यहरू पनि बेला बखत भइरहन्छन् ।

मन्दिरको स्थापना बारेमा हालसम्म यकिन हुन सकेको छैन । तैपनि केदारेश्वर महादेव मणि संरक्षण समिति २०५६ मा गठन हुनुअघि बाजेको मणि भन्ने गरिन्थ्यो । यो

---

[२७] मिति २०६९/११/२७ मा यस मन्दिरका मूल पुजारी रुद्रनाथ पौडेलसँग लिएको अन्तर्वार्ता ।

मन्दिर सयौं वर्ष पुरानो मानिन्छ ।[२८]

केदारेश्वर महादेव मन्दिरको इतिहासलाई केलाउँदा यो मन्दिर कस्केली राजाको पालामा स्थापना भएको र आदिकालदेखि नै शिवलिङ्गको स्थापना भएको अनुमान गरिन्छ । पछि आएर राणाशासनकालमा पनि यसको संरक्षणमा विशेष व्यवस्थाहरू भएको पाइन्छ ।

पहिला यो मन्दिर गुठीद्वारा सञ्चालित थियो । तत्कालीन समयमा यस मन्दिर क्षेत्रमा प्रशस्त फलफूलहरूको उत्पादन हुन्थ्यो । विभिन्न प्रकारका फलफूलको उत्पादनले यस ठाउँको शोभा बढाएको थियो । यहाँको माटो पनि अति उर्बर र खेतीयोग्य मानिन्थ्यो । र यो क्षेत्र अत्यन्तै मनमोहक थियो । यहाँ दक्षिण भारतदेखिका साधुहरू आउँथे । यो स्थल वैदिक सनातन धर्मको साथै पुरातात्विक सम्पदाको दृष्टिले पनि महत्त्वपूर्ण रहेको छ । यहाँको मूल मन्दिर प्रवेशमा चारवटा ढोकाहरू राखिएका छन् । हरेक महाशिवरात्री पर्वको दिन मन्दिरका चारवटै ढोकाहरू खुला राखिन्छन् । मूल मन्दिरको दक्षिणपट्टि फेवातालको मनोरम दृश्यसँगै १०८ वटा शिवलिङ्गहरू स्थापना गरिएका छन् । मन्दिरको पश्चिमपट्टि समितिको कार्यालय तथा विश्रामस्थल रहेको छ । मन्दिरको पूर्वपट्टि श्री इच्छापूर्ण हनुमान मन्दिर, मारवाडी समाजद्वारा निर्मित तथा सञ्चालित रहेको छ, जसमा हनुमानको मूर्ति राखिएको छ । यसले पनि यस क्षेत्रको थप महत्त्व बढाएको छ ।

मूल मन्दिरको भित्री भागमा शिवजीका प्रतिमा र शिवलिङ्गको स्थापन गरिएको छ । साथै मन्दिरको वरपर विभिन्न मन्दिर तथा मूर्तिहरू पनि स्थापना गरिएका छन् । यहाँ प्रत्येक वर्ष महाशिवरात्री पर्वमा भक्तजनहरूको घुइँचो लाग्ने गर्दछ । मन्दिरको पश्चिमपट्टि शिवको वाहन नन्दी (बसाह) को मूर्ति रहेको छ । दक्षिणपट्टि दुइवटा ठूला प्राचीनकालीन घण्टीहरू राखिएका छन् । मन्दिरको दक्षिण पश्चिमपट्टि एक विवाह मण्डप रहेको छ । मन्दिरको दक्षिणपट्टि वाचन शिरोमणि पं स्व. नारायण प्रसाद पोखेलको शालिक निर्माण गरिएको छ । शालिकको अगाडिपट्टि दुइवटा त्रिकोणाकारका साना तलाउ पनि निर्माण गरिएका छन् ।

### ३.२.३ तालबाराही मन्दिर

यो मन्दिर पोखरा उप-महानगरपालिकाको दक्षिण पश्चिममा अवस्थित छ ।

---

२८ मिति २०६९/११/२७ मा केदारेश्वर महादेव मणि संरक्षण समितिका अध्यक्ष सूर्यनाथ अधिकारीसँग लिएको अन्तरवार्ता तथा सोही दिनको अध्ययन भ्रमणबाट ।

फेवातालको पूर्वी किनारातर्फ तालबाराही मन्दिर रहेको छ । मन्दिर पुग्नका लागि डुंगा चढेर जानुपर्दछ । फेवाताल डुंगा व्यवसायी समितिले दर्शकहरूको मागलाई ध्यानमा राखेर फेवातालको छेउमा रहेको वैदाम बजारको सडक किनाराबाटै मन्दिर परिसरमा पर्यटकहरूका लागि जाने आउने व्यवस्था गरेको छ ।

यो एक पवित्र स्थल हो । यति ठूलो तालको बीचमा मन्दिरको अवस्थितिलाई अद्भूत शक्तिको रूपमा लिन सकिन्छ । यहाँ विभिन्न खाले चाडपर्वहरूमा भक्तजनहरूको ठूलो घुइँचो लाग्दछ । विशेष गरी महाशिवरात्री तथा वडादशैंको समयमा असंख्य भक्तजनहरूको आगमन हुन्छ । यस मन्दिरमा दैनिक पूजापाठ विधि पूर्वक गरिन्छ पूजामा धुप, अक्षेता, अविर, फुलपाती आदि सामग्रीहरू देवीलाई प्रसादको रूपमा चढाइन्छ । बाराहीलाई देवीको रूपमा मानिने भएकाले पाठा, हाँस, कुखुराको बलि दिने चलन छ भने देवीलाई खुसी पार्नका निमित्त परेवालाई देवीको नाममा उढाउने गरिन्छ । यही मन्दिरलाई साक्षी राखेर विवाह ब्रतबन्ध जस्ता कार्यक्रमहरू पनि गराइन्छन् ।[२९]

यस मन्दिरमा मंसिरदेखि असारसम्म विवाह ब्रतबन्ध इत्यादि कार्यक्रमहरू पनि गर्ने गरिन्छ । विशेष गरी पोखरा वडा नं. ५,६,७ र ८ भित्रका भक्तहरूले विशेष पूजा वैशाख र कर्तिकमा प्रत्येक वर्ष गर्ने गर्दछन् ।

यस मन्दिरको संरक्षण तथा व्यवस्थापन गर्नका निमित्त बाराही संरक्षण समितिको अस्तित्व २०५३ सालदेखि रही आएको छ । यो समितिले दैनिक पूजा र मन्दिरको संरक्षण गर्ने गर्दछ । यसको सञ्चालन र संरक्षणको निमित्त गुठी जग्गाको व्यवस्था गरिएको छ ।

यहाँ वर्णन गरिएका विभिन्न मठमन्दिरहरू बाहेक पोखरा तथा यसको वरपरको क्षेत्रमा अन्य विभिन्न मन्दिरहरू पनि स्थापना गरिएका छन् । जस्तै- रामघाटमा स्थापित शिव मन्दिर, रानीपौवामा अवस्थित शोभाभगवती मन्दिर, भद्रकाली मन्दिर- कुँडहर, अकलादेवी मन्दिर- लामाचौर, शिवालय मन्दिर- सिमपानी आदि मन्दिरहरू पनि धार्मिक दृष्टिकोणले निकै महत्वपूर्ण मानिन्छन् ।

---

२९ विश्व श्रेष्ठ र दिलबहादुर क्षत्री, *पोखरा भ्याली- अ जियो कल्चरल प्रस्पेक्टिभ,* (पोखरा : गगनकुमारी श्रेष्ठ, पार्वती क्षत्री, २००८), पृ. ५१ ।

## अध्याय : चार

# नीलकण्ठ महादेव आश्रमको परिचय तथा नामाकरण

### ४.१ ऐतिहासिक पृष्ठभूमि

नीलकण्ठ माहदेव आश्रम (महादेव मन्दिर) पोखरा-३ नदीपुरमा पोखराको प्राचीन तीर्थस्थल नारायणस्थान धार्मिक क्षेत्रभित्र पर्दछ । नारायणस्थान धार्मिक क्षेत्र पोखराको धार्मिक, शैक्षिक, सामाजिक, राजनैतिक, तथा सरकारी कार्यालयहरूको स्थापना एवं सञ्चालन जस्ता ऐतिहासिक पक्षसँग सम्बन्धित रहेको छ । यसै क्षेत्रमा वि.सं. १९३७ पूर्व आवाल ब्रह्मचारी गणेस गिरीबाट नारायण स्थान मन्दिर (लक्ष्मीनारायण मन्दिर) को स्थापना, पूजा सञ्चालन र गुठी जग्गाको ब्यवस्था भएकोमा यसको संरक्षण र विकासका लागि वि.सं २०६१ सालमा गठन भई क्रियाशील भएको हो ।

धार्मिक सहिष्णुता बोकेको यस नारायण स्थान धार्मिक क्षेत्रमा अवस्थित ऐतिहासिक नारायण स्थान मन्दिर, वि. सं १९६० को दशकतिर निर्मित मैत्री चैत्य करुणामय मन्दिर, राधाकृष्ण मन्दिर, तथा ब्रह्मचर्या आश्रमले आ-आफ्नो क्षेत्रबाट मानवीय कल्याणका लागि आफ्नो श्रद्धा र क्षमता अनुसार गतिबिधिहरू गर्दै आइरहेका छन् । त्यसैगरी उपाध्याय ( धनकुमार ब्रह्मचारी) ले ब्रह्मचर्या श्रमको स्थापनाका साथै ५०/६० ब्रह्मचारीहरूलाई खान र बस्न गुठी जग्गा समेतको व्यवस्था भएकोमा यसको संरक्षण र विकासका लागि वि.सं. २०४४ सालदेखि ब्रह्मचर्या श्रम समिति गठन भएर कार्यरत रहेको छ र यसै क्षेत्रमा राधाकृष्ण मन्दिर समेत रहेको छ । यी विभिन्न देवीदेवताका मठमन्दिरको अवस्थितिले पनि यो क्षेत्र एक धार्मिक तपोभूमि, साधु, सन्त, महन्तहरूको आश्रम स्थल रहेको प्रस्ट हुन्छ ।[३०]

यही तपोभूमि क्षेत्रको खोजी गर्दै वि.सं. २०४९ सालमा भारतबाट आनन्द गिरी ( अन्ना बाबा) यस नारायणस्थान क्षेत्रमा आई बस्न सुरु गरेपछि उहाँलाई यस क्षेत्रमा एउटा शिव मन्दिर बनाउने भावना जागृत भएछ । भक्तजनको सहयोगमा सेती नदीको तिरमा खेर गईरहेको पातैचौरमा पोखरा उ.म.न.पा.को सहमतिमा नीलकण्ठ महादेव मन्दिरको वि.सं

---

३० मिति २०७०/६/२६ मा मैत्री संघ, पोखराका पूर्व अध्यक्ष गोविन्द ताम्राकारसँग लिएको अन्तर्वार्ताबाट ।

२०४९ को भाद्र महिनामा शिलान्यास र कार्यारम्भ भएपछि वि.सं २०५६ सालमा नीलकण्ठ महादेब आश्रम सेवा समिती विधिवत गठन भई स्थानीय व्यक्ति, संघसस्था विभिन्न भक्तजनहरूको सहयोग बार्षिक दुर्गापूजा महोत्सव जस्ता कार्यक्रमबाट संचित रकमले लामो समयको प्रयास स्वरूप मन्दिर निर्माणको कार्य पूरा गरी शिवलिङ्गको स्थापना भएको हो । यसरी सुरुवातदेखि नै अन्नाबाबा (नीलकण्ठ महादेव आश्रमका संरक्षक, आनन्द गिरी) को सक्रियतामा नीलकण्ठ महादेव मन्दिरको निर्माण कार्यले सम्पूर्ण नारायणस्थान धार्मिक क्षेत्रको थप महत्त्व र आकर्षण बढाएको छ ।

नारायण स्थान धार्मिक क्षेत्रको विकासको साथ साथै पृथ्वीनारायण क्याम्पस, नेपाल प्रहरी, तत्कालीन शिशु प्राइमरी स्कुल (हालको ज्ञानभूमि मा.वि.) घरेलु उद्योग आदि सामाजिक तथा शैक्षिक संस्थाहरूको उत्पत्ति अर्थात सुरुवात यही नारायण स्थान धार्मिक स्थानबाट भएको पाइन्छ । साथै यसै धार्मिक क्षेत्रमा नीलकण्ठ माहादेव आश्रम (माहादेव मन्दिर) को स्थापना भए यता दैनिक जस्तो (दिनानुदिन) भक्तजनहरूको घुइँचो लाग्ने गरेको पाइन्छ । विशेषगरी विजया दशमीको १० दिन, महाशिवरात्री पर्वमा श्रावण महिनाको प्रत्येक सोमबारमा शिवजीको महामहिम स्वरूप भब्याकार्यक्रम गरिन्छ र भक्तजनको पनि घुइँचो लाग्दछ ।[३१]

## ४.२. नीलकण्ठ मन्दिरको स्थापना

नीलकण्ठ माहादेव मन्दिरको निर्माणका लागि नारायणस्थान धार्मिक क्षेत्र अन्तर्गत नै मन्दिरको शिलन्यास वि. सं २०४९ साल भाद्र महिनामा भएको र यसको चार वर्ष पछि वि.सं २०५३ सालमा विष्णु प्रसाद श्रेष्ठको अध्यक्षतामा यस मन्दिर निर्माण कार्यलाई निरन्तरता दिन नीलकण्ठ महादेव आश्रम सेवा समितिको गठन भई जि.प्र.का.मा दर्ता भयो । वि.सं २०५३ सालबाट नै यस आश्रमद्रारा प्रत्येक बर्ष सार्वजनिक दुर्गा पुजा गर्न थालियो । यस क्षेत्रमा नीलकण्ठ महादेव आश्रम (महादेव मन्दिर) निर्माण गर्न नदिने भनेर केही स्थानीय व्यक्तिहरुले अवरोध समेत गरेका थिए । आश्रमका हालका संरक्षक आनन्द गिरीको विरुद्ध प्रहरी प्रशासन सम्म कुरा पुग्यो । तर पछि यहाँका स्थानिय वासिन्दासँग

[३१] २०६९ फागुन २७ गते शिवरात्री पर्वका दिन समितिका सचिव, सनकमान सि.के. सँगको अन्तर्वार्ताबाट ।

मिलापत्र भयो । २०५७ सालमा शेषराज भट्टराई र २०६० सालमा डा. धर्मराज श्रेष्ठको अध्यक्षतामा कार्य समितिहरू भए, तर खासै काम भएको देखिँदैन तैपनि २०६० सालको समितिले त्यही वर्ष पृथ्वीनारायण क्याम्पसका प्राध्यापक देवनारायण सुतिहारको संयोजकत्वमा मन्दिर निर्माण उपसमिती गठन गरियो र एक तलाको निर्माण भयो । फेरी वि.सं २०६२ सालमा गंगा के.सी. को अध्यक्षतामा गठित कार्य समिति र निर्माण समितिको सहभागितामा मन्दिरको सात तल्ला भवनको निर्माण भयो । त्यसपछि आर्थिक कारणले निर्माण कार्य पुन रोकियो । पुनः वि.सं. २०६५ सालमा विकास दुगडको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति गठन भयो । उक्त समितिले देवनारायण कै संयोजकत्वमा १० सदस्यीय निर्माण उप-समिति पुनः गठन गऱ्यो । यसरी मन्दिर निर्माण कार्यको क्रममा विभिन्न आरोह अवरोहको सामना गर्दै वि.सं. २०६७ साल माघ १० गते निर्माण कार्य सम्पन्न भई समितिका अध्यक्ष विकास दुगड र तत्कालीन सभासद सूर्य बहादुर के.सी. समेतबाट मन्दिरको उद्घाटन भएको हो अर्थात चौध बर्षको समय लाग्यो । यसको अर्थ भगवान रामले आफ्नो राम राज्य प्राप्त गर्न १४ वर्ष तपस्या (वनवास) गर्नुभयो । यसै गरी यहाँका शिव श्रद्धालु भक्तजनहरूले यो मन्दिर निर्माण गर्न १४ वर्षसम्म तपस्या (प्रयास) गर्नु भयो ।

हरि व्यापक सर्वत्र समाना,
प्रेम ते प्रगट होई मैं जाना ।
अग जगमय सब रहित विरागी,
प्रेम त प्रभु प्रगटई जिमी आगी ॥

अर्थात् आज यस मन्दिरको निर्माण सम्पन्न हुनुको कारण शिव भक्तहरूको प्रेम नै हो ।

ॐ नव : शिवाय[३२]

३२ देवनारायण सुतिहार (सम्पां), *भगवान् नीलकण्ठ दर्शन,* (पोखरा, नीलकण्ठ महादेव आश्रम सेवा समिति, नारायणस्थान, नदीपुर, २०६७), पृ. १ र ५ ।

## ४.३ नीलकण्ठ आश्रमको नामाकरण

अनन्तकोटी ब्रह्माण्डका नायक भूतभावन आशुतोष बाबा विश्वनाथजीको महिमा अनन्त छ । सनातन धर्मको भारतीय वैदिक धार्मिक साहित्यमा उनको वर्णन (व्याख्या) र दृष्टिगोचर हुन्थ्यो । भगवान विश्वनाथ जगतको कल्याण एवम् लोक कल्याणका लागि विभिन्न अवस्था प्रकट हुन्छन् । पुराण अनुसार देवता र दानवहरूद्वारा रत्नगर्भा समुद्रबाट विभिन्न रत्न (मणि) एवम् अमृत प्राप्तिको लागि भगवानको आदेश अनुसार मन्थन गराईएको थियो । भगवान् विष्णुले कुर्म (कछुवा) स्वरूप धारण गरी मन्दराचल पर्वतको मदानी एवम् वासुकी नागराजको नेती बनाएर समुद्र मन्थन गरे । जसको फलस्वरूप सर्वप्रथम अत्यन्त विकराल जाज्वल्यमान अवस्थाको सम्पूर्ण प्राणीहरूको विनाश गर्नको लागि समर्थ हलाहल विष निकालियो । हलाहल विषको (दग्ध) आहाल देखिएको र त्यस्तो स्वरूपबाट प्रभावित भएर देव दानव भगवान आशुतोष भोलानाथको शरणमा गए । त्यसपछि शरणागत वत्सल भगवान भोलेनाथजीले जगतको कल्याण गर्नका लागि त्यस्तो ( हलाहल विष) छरपस्टै पोखिएको विषको आफैले (पानकर) तानेर मुखबाट आफ्नो कण्ठ ( घाँटी) मा नै धारण गरी राखे । जसको प्रभावबाट उनको कण्ठ नै नीलो भयो । यसर्थ उनको नाम नै नीलकण्ठ हुन गएको थियो । र नीलकण्ठ महादेवजीले आफ्नो पेटमा हलाहल विषलाई उतारेनन् किनकि उनको पेट (उदर) मा सम्पूर्ण ब्रह्माण्डका प्राणीहरूको निवासस्थल हो । उनले सम्पूर्ण प्राणीहरूप्रति दया गरी त्यस हलाहल विषको प्रभाव ( असरलाई) आफ्नो कण्ठ (घाँटी) मा नै राखिरहे (धारण गरे) त्यसकारणले गर्दा नै भोलेनाथको नाम नीलकण्ठ हुन गयो । यसरी भोलेबाबा अर्थात् भगवान महादेवले ब्रह्माण्डका प्राणीको रक्षार्थ सम्पूर्ण हलाहल विषलाई आफ्नो कण्ठ (घाँटी) मा नै धारण गरेका र उनको पूरै कण्ठ निलो भएकाले तिनै महादेवको नामबाट यहाँ मन्दिर निर्माण गरिएकोले यस आश्रमको नाम पनि नीलकण्ठ महादेव आश्रम (महादेव मन्दिर) रहन गएको हो ।[३३]

भगवान् यस्तो सर्वमनोहारिता छ कि सवै उहाँका संपासक छन् । कालकुट विष र शेषनागलाई आफ्नो घाँटीमा (आफ्नो कण्ठमा) धारण गर्नाले भगवानको मृत्युञ्जयरूपता स्पष्ट हुन्छ । जटामुकुटमा श्री गंगालाई धारण गरेर विश्वमुक्ति मूललाई स्वाधिन गर्नु भयो, अग्नीमय तृतीय नेत्रको समिपमा नै चन्द्रकलालाई धारण गरेर आफ्नो संहारकत्व पोशकत्व

[३३] मिति २०७०।१०।२० मा यस नीलकण्ठ महादेव मन्दिरका संरक्षक श्री सदाशिव स्वरुपसँग लिएको अन्तर्वार्ताबाट ।

विरुद्ध धर्माश्रयत्वलाई देखाउनुभयो सर्वलोकाधिपति भएर पनि विभूति र ब्याघ्रचर्मलाई नै आफ्नो भूषणवसन बनाएर संसारमा वैराग्यलाई नै सर्वश्रेष्ठ बनाउनु भयो । उहाँको बाहान नन्दी, उमाको बाहन सिंह, गणपतिको बहान मुसा, स्वामी कार्तिकेयको बाहन मयुर हुन्, मूर्तिमान त्रिशूल र भैरवादिगण उनको सेवामा सदा संलग्न छन् । ब्रह्मा, विष्णु, राम, कृष्ण आदि पनि उनले उपासना गर्दछन् । नर, नाग, गन्धर्व, किन्नर, सुर, इन्द्र, वृहस्पती, प्रभुति पनि शिवको उपासनामा तल्लीन हुन्छन् ।[३४]

## नीलकण्ठ महादेव आश्रमको वनोट शैली

नेपालका सांस्कृतिक संम्पदाहरूमा बास्तुकला पनि महत्वपूर्ण मानिन्छ । घरको रुपमा मानिसहरुको बासस्थान, दरबारको रुपमा राजारजौटाहरुको बासस्थान, मदिरका रुपमा देवीदेवताहरुको बासस्थान तथा स्तूप वा चैत्य र विहारका रुपमा बौद्ध सम्प्रदाय अन्तर्गतका भिक्षु-भिक्षुणी तथा देवदेवीहरुको बासस्थान सम्बन्धी निर्माण कला समष्टि रुपमा वास्तुकला अन्तर्गत पर्दछ । व्युत्पत्तिको अर्थमा संस्कृत भाषाको ‘वस्’ धातुबाट ‘वास्तु’ शब्द बनेको हो, जसको अर्थ बासस्थान सम्बन्धी हुन्छ । वास्तुकलाको दृष्टिले नेपालमा पाइने हिन्दू मन्दिरहरुलाई मुख्यतया तलेशैली र शिखरशैली गरी दुई भागमा विभाजन गर्न सकिन्छ । तलेशैली मन्दिरलाई नेपाली शैली वा प्यागोडा शैली पनि भन्दछन् । नेपाली शैली अर्थात् प्यागोडा शैलीका मन्दिरहरु त्यस्ता मन्दिरहरु हुन् जसमा एक वा एकभन्दा बढी तला र तहतह परेका छानाहरु हुने गर्दछन् । तसर्थ यस्ता मन्दिरलाई multiple roofed temple पनि भनिएको छ । कतिपय विद्वान्ले तलेशैलीका मन्दिरलाई Pagoda Temple पनि भनेका छन् । तर प्यागोडा शैलीका मन्दिरहरुमा अनेक छानाहरु भए तापनि तोरण र टुँडालको अभाव पाइन्छ । चीन, कोरिया, जापान, थाइल्यान्ड, बर्मा आदि देशहरुमा त्यस्ता प्यागोडा मन्दिरहरु निर्मित  छन् । यसरी तिनीहरुको स्वरुप नेपाली शैलीको स्वरुपमा फरक छ ।

तलेशैलीका मन्दिर वास्तुकलाको शुरुवात खोजी गर्दा वैदिक साहित्यको समयसम्म पुग्नुपर्दछ । हिन्दूहरुले पूजा, उपासना गर्ने कूल देवता, ग्राम देवता र गृह देवता मध्ये गृह देवतालाई मण्डपमाथि राखेर पूजा उपासना गर्ने चलन रहेको र मण्डपबाट नै तलेशैली मन्दिर वास्तुकलाको विकास भएको मान्न सकिन्छ । नेपालमा लिच्छविकालीन मानगृह,

---

[३४] *गोरक्ष निखिल वाणी,* आध्यात्मिक शक्ति अनुसन्धानमूलक मासिक, माघ २०६६, पृ. ९ ।

कैलाशकुट भवन आदि दरबारहरु प्यागोडा शैलीमा नै निर्माण गरिएका कुरा तत्कालीन अभिलेख तथा चिनिया यात्रीहरुको विवरणबाट स्पष्ट हुन्छ । प्यागोडा शैलीका मन्दिर दरबार र भवनहरू मल्लकालमा पनि प्रशस्त बनेको पाइन्छ, जस्तै भक्तपुरको न्यातपोल मन्दिर, पशुपति मन्दिर, पनौती इन्द्रेश्वर, चाँगुनारायण, वसन्तपुरको नौतले दरबार र नुवाकोटको दरबार पनि प्यागोडा शैलीमा निर्माण भएका छन् । यसरी प्यागोडा शैली मन्दिर निर्माण परम्परा प्राचीनकालदेखि मध्यकाल र आधुनिककालसम्म निरन्तर रहेको देखिन्छ ।

यस्तै गरी शिखर शैली पनि परम्परागत उत्कृष्ट वास्तुकला हो । संस्कृत शब्द शिखरको अर्थ चुच्चो, टुप्पो वा चुचरो भन्ने हुन्छ । यस अर्थमा पहाडका चुचुराको स्वरुपमा निर्माण गरिएका मन्दिरहरु नै शिखर मन्दिर हुन् । माथितिर चुलिँदै गएका चुच्चो वा चुचुरो आकारको निर्माण विधिलाई नै शिखर वास्तुशैली भनिन्छ । पाटनको कृष्ण मन्दिर र महाबौद्ध शिखर शैलीका उत्कृष्ट नमूना हुन् ।[३५]

अतः माथिको वर्णनबाट हेर्दा नीलकण्ठ महादेव मन्दिरको बनोट शैली प्यागोडा मिश्रित शिखरशैलीमा निर्माण भएको पाइन्छ । प्यागोडा शैलीमा निर्मित यो मन्दिरमा ७ वटा तल्लाहरू छन् । भुइँ तल्ला अत्यन्तै फराकिलो छ । मन्दिरका चारैदिशातर्फ चारवटा ढोकाहरू राखिएका छन् । चारवटा ढोका मध्येमा पश्चिम र दक्षिण पट्टिको ढोकाहरू प्रायः खुल्ला गरिएका हुन्छन् । मन्दिरको भूँई तल्ला फराकिलो छ र माथिका तल्लाहरू तथा छानाहरू साँघुरिँदै गएको पाइन्छ । यो मन्दिरको निर्माण आधुनिक निर्माण सामग्री जस्तै आधुनिक मार्वल, सिमेन्ट, रड, ईट्टा, तामाको रडहरू आदिको प्रयोग गरि बनाइएको छ । मन्दिरमा प्रयोग गरिएको रङ्गरोगनले पनि भगवान् नीलकण्ठ महादेवको सम्झना गराउने गर्दछ । मन्दिरको माथिल्लो भागमा गजुर राखिएकोले अति आकर्षक देखिन्छ । नीलकण्ठ महादेवको मन्दिरलाई आकर्षक बढाउनमा हाल पनि निर्माण कार्यलाई निरन्तरता दिइएको छ । वर्तमान समयमा (आ.व. २०७१/०७२) पनि मन्दिरका भूँइतलादेखि माथिल्ला तलाहरूमा भगवान शिवका विभिन्न गणहरू जस्तै : नन्दी, भृङ्गी, नाग, सिंह, हात्ती आदि जनावरहरूको कलात्मक शैलीका मूर्तिहरूको निर्माण कार्य भैरहेको छ । प्रत्येक मूर्तिहरू दक्ष कालीगढहरू द्वारा बनाउन लगाइएको छ ।

---

[३५] पेशल दाहाल र सोमप्रसाद खतिवडा, *नेपालको कला र वास्तुकला,* (काठमाडौंः एम.के. पब्लिकेशन, २०५८), पृ. १०८ ।

मन्दिरको भित्र मध्यभागमा शिवलिङ्गको स्थापना गरिएको छ । मन्दिरभित्र रहेको शिवलिङ्गसँगै पार्वती, दुर्गामाता, दत्तात्रय भगवान्को स्थापना गरिएको छ । शिवजीसहित पञ्चाङ्ग देवताको स्थापना समेत गरिएको छ । यसमा उल्लेखित पार्वती माता दक्षिण भारततिर ललितादेवीको नामले प्रख्यात मानिन्छ ।

मन्दिरको अग्रभागमा बाहिरपट्टि गणेशको मूर्ति, हनुमानजी, रामसीता, लक्ष्मण, नवग्रह, शनिदेव, राधाकृष्ण, महाकाल भैरव, चिताइमाता (कामाक्षीदेवी) को स्थापना गरिएको छ । मन्दिरको पछाडिपट्टिको भागमा बीचमा गंगामैया र उनको वरिपरि गणेशजी, हनुमानजी र सूर्य भगवान्को पनि स्थापना गरिएको छ । त्यहाँबाट सेती गंगाको सुन्दर दृश्य अवलोकन गर्न सकिन्छ । विशेष गरी छठ पर्वको महिमा बढाउनका लागि गंगामैयाको मूर्ति स्थापना गरिएको हो । साथै मन्दिरको अगाडिपट्टि शिवलिङ्ग स्थापना गरिएको छ । साथमा नजिकै रुद्राक्षको बोट पनि रहेको छ । हामीलाई थाहा भए अनुसार विगत ४५-५० वर्षदेखि अखण्ड धुनी चलिरहेको छ । मन्दिरमा दुईवटा अखण्ड बत्ती पनि बालिएको छ ।[३६]

## ४.४ नित्य पूजा

यस नीलकण्ठ मन्दिरमा दैनिक पूजाकार्यको लागि यहाँका संरक्षक अन्ना बाबा ( आनन्द गिरि), सदाशिव स्वरूप रामकृष्ण पौडेल सहित अन्य चार जना पूजारीहरूले पूजा गर्ने गर्दछन् । वर्षको हरेक दिन धेरथोर भक्तजनको आवागमन भैरहने भएकोले पूजाकार्य सधैँ भइरहन्छ । हरेक शनिबार ग्रहशान्तिको पूजाका लागि भिडभाड बढी रहन्छ । यहाँ हरेक वर्ष वैशाखदेखि चैत्र महिनासम्म पर्ने हरेक चाडपर्वहरूमा आउने भक्तजनहरूलाई धुमधामका साथ पूजा गर्ने र प्रसाद ग्रहण गर्ने व्यवस्था मिलाइन्छ । नेपालका कतिपय मन्दिरहरूमा अझै पनि छुवाछूतको अवस्था देखिए तापनि यस नीलकण्ठ महादेव मन्दिरमा छुवाछूतको कुनै पनि समस्या भेटिँदैन । यो मन्दिरले सम्पूर्ण मानव जातिको समान अस्तित्व र महत्व राखेको छ ।[३७]

यस मन्दिरमा भगवान् पञ्चस्नान गरेर टीकाहरू र फूलमालासहित शृङ्गार

३६ मिति २०७०।१०।२० मा मन्दिरहरुका एक पण्डित रामकृष्ण पौडेलसँग लिएको अन्तर्वार्ता ।

३७ मिति २०६९/११/२७ मा नीलकण्ठ महादेव आश्रम सेवा समितिका सचिव सनकमान सि.के. सँगको अन्तर्वार्ताबाट ।

गरिसकेपछि कोइलामा धुप राखेर आरती गरिन्छ । दिउसो १२ बजे भगवान्लाई भोग लगाएर मन्दिरको सबै ढोकाहरू बन्द गरिन्छ र पुनः ४ बजे मन्दिरका ढोकाहरू खुला गरिन्छ । भगवान्लाई स्नान गराएर बेलुकी साँझ शृङ्गार आरती गरिन्छ । लगभग ४५ मिनेट बराबरको आरती गरिन्छ र श्रद्धालु भक्तजनहरूलाई टीका-प्रसाद वितरण गरिन्छ ।[३८]

## ४.५ विशेष पूजा

यस नीलकण्ठ महादेव आश्रम (महादेव मन्दिर) मा वर्षमा ३ पटक विशेष पूजाको व्यवस्था गरिन्छ । हरेक वर्ष विजयादशमीको समयमा, महाशिवरात्री पर्वमा र श्रावण महिनाका हरेक सोमबारका दिन महामहिम शिवको पूजा आराधना गरी विशेष तरिकाले पूजा गरिन्छ । वर्षभरिका अन्य दिनमा भन्दा यी विशेष पूजा अवधिभरमा भक्तजनहरूको घुँइचो लाग्दछ । यस्ता विशेष पूजाहरूमा आश्रम (मन्दिर) सेवा समिति द्वारा नै सार्वजनिक पूजाको पूर्ण रूपमा व्यवस्था गरिएको हुन्छ । अन्य दिनमा भक्तजनहरू आ-आफ्नै तरिकाले नीलकण्ठ महादेवको दर्शन तथा पूजा कार्यमा व्यस्त रहन्छन् ।

हरेक वर्ष वैशाख सङ्क्रान्तिमा शिव-पार्वतीको पूजा गरिन्छ । श्रावण महिनामा प्रत्येक सोमबारको दिन पूजाहरू गरिन्छ । यसै गरी नागपञ्चमी, बडादशैं, छठ पूजा, शिवरात्री, सानो नवरात्रीमा पनि विभिन्न श्रद्धालु भक्तजनहरू आई अनुष्ठान गर्छन् । चिनाटिप्पणी सहित समस्यामा परेकाहरू मानिसहरूलाई सहयोग गर्ने गरिन्छ । कर्मकाण्डीय क्रियाकलाप जस्तै- विवाह, व्रतबन्ध, ग्रहशान्ति, रुद्राभिषेक, लक्ष्मीनारायण पूजा, गणेश पुराण, देवीपुराण लगायतका सम्पूर्ण पुराणहरू वाचन गरिन्छ ।[३९]

घटस्थापनाको दिन सेती गण्डकीको पवित्र बालुवा यस स्थानमा ल्याइन्छ र उक्त बालुवामा जौंको जमरा राखिन्छ र कलसमा पनि सेती गण्डकीकै पवित्र जल भरि उक्त जमरामा राखिन्छ । उक्त दिन प्रतिमाहरूमा प्राण प्रतिष्ठा गरेपछि पूजा सुरु हुन्छ ।

नौ दिनसम्ममा प्रत्येक दिन नवदुर्गाको विभिन्न स्वरूपको पूजा गरिन्छ :

---

३८ मिति २०७०/१०/२० मा यस नीलकण्ठ महादेव आश्रम (नीलकण्ठ महादेव मन्दिर) का संरक्षक श्री सदासीव स्वरूपसँग लिएको अन्तर्वार्ताबाट ।

३९ मिति २०७०/१०/२० मा मन्दिरका पण्डित रामकृष्ण पौडेलसँग लिएको अन्तर्वार्ता ।

| | |
|---|---|
| प्रतिपदाको दिन | : शैलपुत्री |
| द्वितीयको दिन | : ब्रह्मचारिणी |
| तृतीयाको दिन | : चन्द्रघण्टा |
| चतुर्थीको दिन | : कुष्माण्डा |
| पञ्चमीको दिन | : स्कन्दमाता |
| षष्टीको दिन | : कात्यायनी |
| सप्तमीको दिन | : कालरात्री |
| अष्टमीको दिन | : महागौरी |
| नवमीको दिन | : सिद्धिदात्री |

षष्टीको दिन बाजागाजा सहित डोलीद्वारा बेल निमन्त्रणा गरिन्छ । सप्तमीको दिन पुनः बाजागाजा सहित फूलपाती भित्र्याइन्छ । रात्री ८:०० बजे अन्ना बाबाद्वारा दुर्गादेवीको आँखाको पट्टी उघारिन्छ । उक्त समयमा श्रद्धालुभक्तजनहरूको ठूलो संख्यामा भीड लागेको हुन्छ । अष्टमीको दिन रात्री १२:०० बजे कालारात्री पूजा सम्पन्न हुन्छ । उक्त समयमा कुभिण्डो र नरिवलको बली प्रदान गर्ने चलन छ । नवमीको दिन कुमारी पूजा र हवन गरिन्छ, तत्पश्चात् विसर्जन हुन्छ ।

उक्त अवधिभर दैनिक रूपमा पं योगराज आचार्यद्वारा देवी भागवत् पाठ र अन्य पण्डितहरूद्वारा रुद्री पूजा, सप्तसती पाठ, चण्डीपाठ, हवन आरतिपूजा गरिन्छ तथा शिवजीलाई वेल पत्र चढाइन्छ । यहाँ फूलपातीको दिनदेखि टिकाको दिनसम्म शक्तिका पूजारीहरू एवम् भक्तजनहरूको भीड लाग्दछ । विभिन्न ठाउँहरूबाट भजन कीर्तन गर्ने भजन मण्डलीहरू, बाजा बजाउने टोली, जागरण गर्ने समूहहरू आउँछन् । सप्तमी, अष्टमी तथा नवमी गरी तीन दिनसम्म भण्डाराको रूपमा प्रसाद वितरण हुन्छ । टीकाको दिन टीका थाप्नेहरूको पनि घुँइचो लाग्दछ । पूजा सकेर विसर्जनको भोलिपल्ट देवीको प्रतिमालाई दिनभरी नगरपरिक्रमा गरी कसेरीमा गएर सेती गण्डकीमा सेलाइन्छ । यसरी पोखराको नारायणस्थानमा दसैंमा भव्यताका साथ दुर्गापूजा सम्पन्न हुन्छ ।

## ४.६ कर्मकाण्डीय क्रियाकलापहरू तथा जनविश्वास

नीलकण्ठ महादेव मन्दिर पोखराको (प्राचीन इतिहासलाई सम्झना गराउने) प्यागोडा शैलीमा निर्मित एक प्रतिष्ठित मन्दिर हो । (प्राचीनकालदेखि नै)बहुचर्चित नारायणस्थान धार्मिक क्षेत्रको हाताभित्र नै निर्माण गरिएको नीलकण्ठ महादेव मन्दिरको छुट्टै महिमा रहेको छ । यसको साथै भगवान नीलकण्ठ महादेवको स्वरूप नै झल्कने गरि मन्दिरको निर्माण गरिएकोले यसको महत्वलाई सम्पूर्ण भक्तजनहरूले बुझ्ने मौका पाएका छन् । भगवान नीलकण्ठको लोकप्रियता र शक्तिको स्पष्ट अनुभूतिको कारण यस मन्दिरमा प्रत्येक वर्ष विवाह तथा ब्रतवन्ध गर्न आउने मानिसहरूको भीड देख्न पाइन्छ । प्रत्येक वर्ष महाशिवरात्रीको दिन यहाँ धुनी जगाइन्छ र उक्त दिन बिहानदेखि रातीसम्म भक्तजनहरूको घुइँचो लाग्दछ ।

पोखराको नारायणस्थानमा नीलकण्ठ महादेव आश्रम सेवा समितिद्वारा विजयादशमीको दुर्गापूजामा नवदुर्गा भगवतीको प्रतिमा स्थापना गरी पूजा पाठ गर्ने कार्यक्रम २०५३ सालदेखि हरेक वर्ष मनाउने गरिन्छ । यस आश्रमद्वारा सार्वजनिक दुर्गापूजा उप-समितिको गठन गरी दश दिनसम्म दुर्गापूजा पाठ गरिन्छ ।

यस नारायणस्थान क्षेत्रमा नीलकण्ठ महादेव आश्रमको (नीलकण्ठ महादेव मन्दिर) को स्थापनाले स्थानीय वातावरणमा राम्रो प्रभाव पारेको पाइन्छ । धार्मिक क्षेत्र भएकोले स्वदेशी तथा विदेशी पर्यटकहरूको आवागमनमा पनि वृद्धि भएको छ । नीलकण्ठ महादेव आश्रमको एक विशेषता भनेको साधुसन्तको सेवा हो । पोखरा आउने साधुसन्तलाई ३ रातसम्म खाने र बस्ने मिलाउन त्यहाँ एक धर्मशालाको निकै खाँचो छ । मन्दिर नजिक धर्मशाला निर्माणमा ध्यान पुऱ्याउनु ज्यादै आवश्यक छ ।

हिन्दू संसारमा प्रचलित धार्मिक मतहरुमा शैव धर्मको इतिहास धेरै पुरानो छ । सामान्यतया हिन्दू धर्म, संस्कृति र सभ्यताको उद्गमस्थल वेदलाई मानिन्छ । यस अनुरुप शैव धर्म पनि वेदको रुद्ररुपी शिवको उपासनाबाट शुरु भएको मानिन्छ । रुद्र शिवको अर्को नाम हो र यसको तादात्म्य पछिका वैदिक साहित्यमा पशुपति, महादेव, ईशान, महेश, हर,

शंकर आदिसित भयो ।[४०]

प्रमाणको हिसाबले नेपालको ऐतिहासिक युग लिच्छविहरुको शासनकालदेखि शुरु हुन्छ । यस समयका शिलालेख, शिवलिङ्ग र शिवमूर्ति प्राप्त छन् । लिच्छवि राजा मानदेवको समयपछि शैव धर्मले अझ लोकप्रियता हासिल गऱ्यो । मध्यकालीन नेपालमा पनि शैव धर्मको आस्थामा कमी हुन आएन । हाल पनि पशुपतिनाथ नेपालीहरुका प्रमुख आराध्य देवताको रुपमा रहिआएको छ ।

यसरी नेपालमा प्राचीनकालदेखि नै शैव धर्म यसका अनेक सम्प्रदाय र शैवतन्त्र लोकप्रिय रहेको बुझिन्छ । नेपाली कलाको विकासक्रम पनि शिवलिङ्गबाट शुरु भएको देखिन्छ ।[४१]

वास्तवमा भगवान शिव देवताका पनि देवता हुनुहुन्छ । त्यसकारण उहाँलाई महादेव भनिएको हो । शिवको अर्थ मंगल भन्ने हुन्छ । उहाँ सबैको भलो गर्नुहुन्छ । त्यसैले उहाँ भोलेनाथ हुनुहुन्छ । भगवान शिवले हलाहल विष पिई जगत्को कल्याण गर्नुभयो । हलाहल विष पिएपछि उहाँ नीलकण्ठ हुनुभयो । स्थानीय बासिन्दामा भगवान् शिवको निकै प्रभाव परेको पाइन्छ । उनीहरूका अनुसार भगवान् शिवका विभिन्न स्वरूप र नाम छन् । उहाँलाई रुद्रका रूपमा पनि उपासना गरिन्छ । उहाँ आदिदेव हुनुहुन्छ । जुन समयमा यस ब्रह्माण्डको अस्तित्व थिएन, त्यसबेला निराकार स्वरूपमा उहाँ हुनुहुन्थ्यो भने प्रलय पश्चात सम्पूर्ण सृष्टि उहाँमा नै लीन हुन्छ ।

यसबाट स्पष्ट हुन्छ कि जगत्को सृष्टि, स्थिति तथा संहार भगवान् शिवबाट नै हुन्छ । उहाँ एक भएर पनि अनेक हुनुहुन्छ । उहाँ निराकार भएर पनि साकार रूपमा प्रकट हुनुहुन्छ । उहाँले नै आफूलाई ब्रह्मा, विष्णु र महेश्वरका रूपमा प्रकट गर्नुभएको छ ।

निश्चय नै पोखरा एक सुन्दर नगरी हो । यतिमात्र होइन, यो एक धार्मिक एवम् ऐतिहासिक क्षेत्र पनि हो । जसरी हरिद्वार भएर हिमाली क्षेत्रमा रहेका केदारनाथ, बद्रीनाथ जस्ता तीर्थस्थल पुगिन्छ, त्यसरी नै मुक्तिनाथ जानका लागि यो प्रवेशद्वार हो । भारत लगायत धेरै देशबाट मुक्तिनाथ जानका लागि थुप्रै साधुसन्त तथा गृहस्थीहरू पोखरा

---

४० प्रेमकुमार खत्री, *नेपालका धार्मिक मत र सामाजिक संरचना* (काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, २०६०), पृ. २४ ।

४१ ऐजन, पृ. ३५ ।

आउँछन् र यस आश्रममा बास बस्ने गर्दछन् ।

## अध्याय : पाँच

# नीलकण्ठ महादेव आश्रमको संरक्षण तथा सेवा समिति

यस आश्रमको संरक्षण तथा सम्बर्द्धनका लागि विधिवत रूपमा २०५३ सालदेखि हालसम्म विभिन्न व्यक्तिहरूको अगुवाइमा समितिहरू निर्माण भएको पाइन्छ । जस्तै २०५३ सालमा विष्णुप्रसाद श्रेष्ठको अगुवाइमा ११ सदस्यीय कार्यसमिति गठन भएको थियो । यसैगरी वि.सं. २०५७ सालमा शेषराज भट्टराई, २०६० सालमा डा. धर्मराज श्रेष्ठ, २०६२ सालमा गंगा के.सी., २०६४ मा पुनः गंगा के.सी. र २०६५ मा विकास दुगडको अध्यक्षतामा कार्यसमितिहरू गठन भएका थिए । साथै कार्यसमिति गठनको सुरुवातदेखि नै नीलकण्ठ महादेव आश्रमको निर्माण कार्यमा यसका पदाधिकारीहरू लागि परिरहेकाले नीलकण्ठ महादेव मन्दिर हालसम्पूर्ण पोखरावासीहरूको आकर्षणको केन्द्र बन्न पुगेको छ र निर्माण कार्य सम्पन्न भएको छ ।

### ५.१ तसर्थ समिति (वि.सं. २०६४ देखि २०६५ सम्म)

१. अध्यक्ष : गंगा के.सी
२. उपाध्यक्ष : राजेन्द्र प्रसाद गुप्ता
३. सचिव : लक्ष्मी पराजुली
४. कोषाध्यक्ष : हाईसुब्बा गुरुङ्ग
५. सदस्य : हरिश्चन्द्र कुशबाहा
६. सदस्य : वीरेन्द्र पाण्डे
७. सदस्य : डिम्पल गुलारी
८. सदस्य : लेखनाथ भण्डारी
९. सदस्य : रामअधार गुप्ता
१०. सदस्य : सुभाष शर्मा
११. सदस्य : विनोदकुमार गुप्ता

### ५.२ वि.सं. २०६५ सालमा नवगठित कार्यसमिति

१. अध्यक्ष : विकास दुगड
२. उपाध्यक्ष : अम्बर बहादुर गुरुङ्ग
३. सचिव : सनकमान सि.के.
४. सह-सचिव : रामेश्वर प्रसाद श्रेष्ठ
५. कोषाध्यक्ष : राजेश गुप्ता
६. सदस्य : बसन्त उदास
७. सदस्य : रामाधार गुप्ता
८. सदस्य : शिवजी कुशवाह
९. सदस्य : विनोद कुमार गुप्ता
१०. सदस्य : डिम्पल गुलारी
११. सदस्य : शंकर पन्त

**नीलकण्ठ महादेव मन्दिर निर्माण उपसमिति**

| | | | |
|---|---|---|---|
| १. | संयोजक | : | देवनारायण सुतिहार |
| २. | सदस्य | : | सनकमान सि.के. |
| ३. | सदस्य | : | राजेश गुप्ता |
| ४. | सदस्य | : | वीरेन्द्र पाण्डे |
| ५. | सदस्य | : | अम्बर बहादुर गुरुङ्ग |
| ६. | सदस्य | : | विष्णुदेव पराई |
| ७. | सदस्य | : | विनोद मनोहत |
| ८. | सदस्य | : | प्रितम सिंह |
| ९. | सदस्य | : | रामजित प्रसाद अग्रहरी |
| १०. | सदस्य | : | राजेन्द्र प्रसाद गुप्ता |

## ५.३ नीलकण्ठ महादेव आश्रम सेवा समितिको गुरुयोजना

यस समितिका पदाधिकारीहरू स्थानीय जनसमुदायको सहयोगमा यस मन्दिर क्षेत्रको विकासका लागि अहोरात्र जुटेका छन्, जसले गर्दा छोटो समयमा नै यस क्षेत्रले प्रगति गरेको छ । परिणाम स्वरूप यस क्षेत्रको लोकप्रियता बढ्दै गएको छ । तर पनि मानिसहरू स्वभावैले महत्वकाङ्क्षी हुने हुँदा यस क्षेत्रको व्यापक विस्तार गर्नका लागि कार्यरत समितिबाट केहि गुरुयोजनाहरू तयार गरिएको छ । जस अन्तर्गत सर्वप्रथम यस क्षेत्रको व्यापक प्रचार-प्रसार गरि आन्तरिक पर्यटक मात्र नभई बाह्य पर्यटकहरूलाई पनि आकर्षित गर्ने र सोही क्षेत्रमा साधुसन्तहरूका लागि बासस्थानको व्यवस्था र पार्कस्थल बनाउनका साथै यस स्थलको महत्वलाई जनसाधारण समक्ष पुऱ्याउने लक्ष्य रहेको छ ।

यसैगरी यहाँ भइरहेका र हुने धार्मिक क्रियाकलापहरूलाई संस्थागत गर्दै लैजाने, साधुसन्तहरूको बासस्थानको लागि थप व्यवस्था गर्ने, दक्षिण भारतबाट कालीगढ ल्याउने र मन्दिरको प्रत्येक तलामा शिवका मूर्ति राख्ने, पुजारीको बसोबासलाई व्यवस्थित गर्ने, भारतीय राजदुतावाससँग सहयोगको लागि अनुरोध गर्ने, मन्दिर तथा यस वरपरको वातावरणको सरसफाइको लागि थप व्यवस्था गर्ने, मन्दिरदेखि सेती नदी किनारासम्म जाने बाटोको थप सुधार तथा मर्मत गर्ने इत्यादि भावी योजना राखिएका छन् । साथै राधाकृष्ण मन्दिर र महादेव मन्दिरबीच समन्वय कायम गरी यी मन्दिरका वरपर रहेका अन्य मठ मन्दिरहरूको संरक्षण तथा सम्बर्द्धन गर्ने, साधु सन्तहरू तथा भक्तजनहरूका लागि थप पाटीपौवाको व्यवस्था गर्ने तथा छठ पर्वको सुविधाका लागि आवश्यक मठमन्दिर तथा जलाशय निर्माण गर्ने लक्ष्य रहेको छ ।[४२]

---

[४२] २०७०/१०/२० गते संरक्षक सदासिव स्वरूप र सचिव सनकमान सि.के. सँग लिएको अन्तर्वार्ताबाट ।

## अध्याय : छ

# सामाजिक, सांस्कृतिक जीवनमा नीलकण्ठ महादेव आश्रम क्षेत्रको प्रभाव

## ६.१ सामाजिक एवम् सांस्कृतिक प्रभाव

समाज विभिन्न जातजाति, धर्म, भेषभूषा मान्ने र विभिन्न दृष्टिकोण, धारणा एवम् क्रियाकलाप भएका मानिसहरूको जमघट हो । विगतमा एक समाजमा सामान्य तथा वैचारिक, सांस्कृतिक एवम् जातीय समानता भएका मानिसहरू रहन्थे । तर हाल आएर प्रत्येक समाज शिक्षित समाजको रूपमा रूपान्तरित भएको छ र एकले अर्काको महत्वलाई बुझेका छन् । हालका समाजमा सबै धर्मको महत्व बराबरी रहेको पाइन्छ । नेपाल राष्ट्रको वर्तमान संविधानमा नेपाललाई धर्म निरपेक्ष राज्य (Secular State) हो भनी उल्लेख गरिएबाट पनि यो प्रसङ्गलाई प्रस्ट पार्न सकिन्छ । जनआन्दोलन २०६२/०६३ को परिणाम स्वरूप २०६३ साल वैशाख ११ गते पुनः स्थापित प्रतिनिधि सभाबाट वि.सं. २०६३ जेठ ४ गते ऐतिहासिक "प्रतिनिधि सभाको घोषणा २०६३" घोषणा भएको थियो । त्यही ऐतिहासिक घोषणाले नेपाललाई पहिलो पटक धर्म निरपेक्ष राज्यका रूपमा कानुनी मान्यता प्रदान गरेको थियो । वर्तमान संविधानको भाग १ धारा ४ मा "नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी र पूर्ण लोकतान्त्रिक राज्य हो" भनी उल्लेख गरिएको छ । यसबाट पनि समाजको निर्माणलाई प्रस्ट पारिएको छ ।

यस मन्दिरको सन्दर्भमा कुरा गर्दा आश्रम/मन्दिर संरक्षण र सम्बर्द्धनका निम्ति विभिन्न जातजाति र समाजका मानिसहरूबीच वैमनश्य त्यागेर एकताको स्थापना भएको देखिन्छ । जसमा ब्राह्मण, क्षत्री, वैश्य, शूद्र आदिको संलग्नताले सामाजिक, जातीय र धार्मिक विखण्डको अन्त्य गराउनेमा प्रयासरत छ ।[४३] हाल आएर यहाँ दलित र गैर दलितबीच भेदभाव नहुनु वास्तवमा उच्च मानवीय एवम् धार्मिक विकासको नमुना हो । केही समय अगाडिसम्म दलित समुदायले मन्दिरमा पूजापाठ गर्न हिच्किचाउँथे भने गैरदलितहरूले पनि उनीहरूले पूजाआजा गरेको मन पराउँदैनथे ।

'साथै धर्मको वैकल्पिक नाउँ अनुशासन हो' आध्यात्मिक भावनाले मानव चेतनाको विकास गर्दछ । भौतिक संसारमा आध्यात्मिक चिन्तनले मानिसलाई शान्ति प्रदान गरेको छ । अर्कोतर्फ स-साना नानीहरूमा आदर भावको विकास हुनुले सामाजिक मर्यादाको विकास गरेको पाइन्छ । यस मन्दिरप्रति श्रद्धा र भक्तिभावले विदेशी र स्वदेशी दर्शनाभिलाषीहरू आउँछन् । फलत : अन्तरदेशीय सांस्कृतिक र विचारहरूको आदान प्रदान भएको देखिन्छ । यस क्षेत्रको सामाजिक महत्वले विदेशी पर्यटक पनि आकर्षित भएको देखिन्छ । जसको परिणाम स्वरूप सामाजिक सद्भाव वृद्धि तथा आय आर्जन बढ्दछ । यसरी यस क्षेत्रले सामाजिक एवम् संस्कृति क्षेत्रमा महत्वपूर्ण प्रभाव पारेको पाइन्छ ।

## ६.२ धार्मिक प्रभाव

---

४३ *नेपालको अन्तरिम संविधान २०६३,* (काठमाडौं : मकालु प्रकाशन, २०६८), पृ.५ ।

धर्म भनेको "देवी देवताहरू प्रति विश्वास गर्ने एक निश्चित पद्धति हो, जसले हरेक व्यक्तिलाई अनुशासित रहनमा मद्दत गर्दछ । निश्चय नै मठमन्दिरहरूको धार्मिक प्रभाव प्रवल हुन्छ । यस मामिलामा मन्दिरको प्रभावलाई नकार्न कदापि मिल्दैन । यहाँ प्रायः मानिसहरू धार्मिक आस्था बोकेर आउँछन् । जसले विशेषतः मानिसको चिन्तनमा प्रभावकारी भूमिका खेल्दछ ।" मानिस बाहिर जति नै नास्तिक भेटिए तापनि मन्दिरको अगाडि धेरै थोरै झुकेको पाइन्छ र उ चिन्तनशील देखिन्छ । यस नीलकण्ठ महादेव आश्रम (महादेव मन्दिर) ले स्थानीय र गैरस्थानीय सबै मानिसहरूमा अमिट छाप पारेको छ । यसले केही हदसम्म पाश्चात्य धार्मिक आस्था बोक्ने नेपालीहरूलाई आफ्नै मौलिक धर्म र संस्कृतिमा समाहित गर्न खोजे जस्तो भान हुन्छ । हिजो आजको परिवेशमा हेर्ने हो भने हामी नेपालीहरू गैरहिन्दु धर्मप्रति केही मात्रामा आकर्षित भएको पाउँछौं । जसको मुख्य कारण आर्थिक प्रलोभन र आफूलाई अरूभन्दा विकसित र सभ्य तुल्याउनु पनि रहेको छ । यस्तै अवस्था रहिरह्यो भने भविश्यमा हिन्दू धर्म भन्ने केवल किताबी शब्द मात्रै बन्न सक्छ । यस्तो हुन नदिनका लागि पनि परापूर्वकालदेखिको धार्मिक रीतिरिवाजलाई जोगाउनमा र यसको महत्व बढाउनमा यस मन्दिरको निकै ठूलो प्रभाव रहेको छ । यहाँ विवाह, ब्रतबन्ध एवम् अन्य धार्मिक संस्कारहरू पनि सम्पन्न गरिन्छ ।[४४]

## ६.३ वातावरणीय प्रभाव

"वातावरण भन्नाले यस्तो अवस्थालाई भनिन्छ जसले कुनैपनि वस्तु वा व्यक्तिको गुण आनीबानी, हाउभाउ, महत्व र विकास तथा वृद्धिमा प्रत्यक्ष प्रभाव पार्दछ । वातावरणलाई भौतिक अवस्था पनि भनिन्छ जसको प्रभाव पृथ्वीमा रहेका सम्पूर्ण सजीव वस्तुहरूमा पर्दछ । पृथ्वीमा रहेका सजीव तथा निर्जिव सबै वस्तुहरूले वातावरण प्रभावित हुन्छ । जस्तै हरियाली वन क्षेत्रको वातावरणले स्वच्छ अक्सिजन हावा दिएर प्राणी जगत्लाई आनन्द र रमणीय बनाउँछ । सुख नै नभएको घरको वातावरणले एक बच्चाको बानी व्यहोरामा असर गर्दछ । यस्तै गरी यहाँ अवस्थित नीलकण्ठ महादेव मन्दिरले मानिसहरूलाई अनुशासित बन्नमा मद्दत पुऱ्याएको छ । वातावरणमा कुनै पनि जीवको अस्तित्व उक्त जीवको एक्लो प्रयासले मात्र सम्भव हुँदैन । वातावरणमा विभिन्न तत्वहरूको अन्तरक्रियाले नै सबै जीवको स्थान सुरक्षित पार्दछ । वातावरणमा सबै जीव तत्वहरूको उत्तिकै महत्व हुन्छ । यही कुरालाई मनन् गर्दै सन् १९९२ को जुन महिनाको ३ देखि १४ गतेसम्म ब्राजिलको रियो दी जेनेरियोमा पृथ्वी शिखर सम्मेलन भएको थियो । रियो घोषणापत्रले वातावण क्षेत्रलाई संरक्षण गर्न जैविक तत्वहरूको रक्षा गर्न र पृथ्वीको परिस्थितिक प्रणालीलाई सन्तुलनमा राख्न २७ वटा सिद्धान्तहरू पारित गरेको छ ।[४५] बढ्दो औधोगिकीकरण विषादीको प्रयोग र अनविकरणीय ऊर्जाको अत्यधिक प्रयोगले वातावरण

---

४४ २०७० पौष २१ गते मैत्रीसंघ पोखराका पूर्व अध्यक्ष तथा समाजसेवी गोविन्द ताम्राकारसँग लिएको अन्तर्वार्ताबाट ।

४५ सि.एन.पण्डित, *स्वास्थ्य तथा वातावरण विज्ञान शिक्षण विधि,* (काठमाडौं : विदुर प्रकाशन, २०६६) पृ. ।

दुषित बनेको छ । जलवायु परिवर्तन एउटा वातावरणीय मुद्दा मात्रै नभई एउटा सामाजिक आर्थिक हुँदै हाल गम्भिर कुटनीतीको बिषय बनेको छ ।[४६]

यस मन्दिर वरिपरिको वातावरणले सबै श्रद्धालु भक्तजन एवम् पर्यटकहरूलाई मन्त्रमुग्ध पार्दछ । मन्दिर परिसरमा रहेको रुद्राक्षको वृक्षले र मन्दिरको पूर्वतर्फ बगिरहेको सेती नदीले स्वच्छ तथा रमणीय वातावरण कायम गर्न मद्दत पुऱ्याएको छ । मन्दिर वरपरका अन्य रुख वृक्षहरूले भूक्षय नियन्त्रणमा समेत मद्दत पुऱ्याएको पाइन्छ । नीलकण्ठ महादेव मन्दिर वरपर अन्य मठमन्दिर, चैत्य, मैत्री भवन इत्यादि समेत रहेकाले यस वातावरण कुनै खालको फोहोरमैला र दूषित वस्तुहरूबाट मुक्त छ । यस कारणले पनि यस मन्दिर क्षेत्र सबैको गन्तव्य स्थल बन्न सफल भएको छ । धार्मिक आस्थाका सबै वृद्धवृद्धाहरूलाई आनन्द लिने तथा समय काट्ने संगमस्थल समेत बन्न पुगेको छ । यसले नीलकण्ठ महादेव मन्दिरले वातावरणमा प्रत्यक्ष रूपमा सकारात्मक प्रभाव पारेको छ ।[४७]

---

४६ अर्जुन ढकाल, *कान्तिपुर*, २०६८, मंसिर १३ गते ।

४७ २०७० पौष २१ गते मैत्रीसंघ पोखराका पूर्वअध्यक्ष तथा समाजसेवी गोविन्द ताम्राकारसँग लिएको अन्तर्वार्ताबाट ।

# अध्याय : सात
# निष्कर्ष र सुझावहरू

## ७.१ निष्कर्ष

नेपाल बहुजाति, बहुभाषी, बहुधार्मिक, बहुसांस्कृतिक विविधता भएको देश हो । आर्थिक अवस्था त्यति सबल नभए पनि संस्कृति तथा परम्पराको दृष्टिले नेपाल विश्वको सबैभन्दा धनी मुलुक मानिन्छ । यहाँका नागरिकहरू र उनीहरूले निर्माण गरेका भिन्न भिन्न धार्मिक सोच र आस्था बोकेकाहरूको विभिन्न मठ-मन्दिर, पाटी-पौवा तथा ऐतिहासिक एवम् धार्मिक धरोहर नेपाली समाजका विशेषता हुन् । यस्ता कुराको संरक्षण गर्न मानवको दायित्व हो । नीलकण्ठ महादेव मन्दिरले धार्मिक तथा जातीय विविधतालाई महत्व दिएको पाइन्छ । मन्दिर प्रवेशमा कुनै खालको बन्देजहरू छैनन् ।

विश्वका कतिपय मुलुकमा धार्मिक तथा वैचारिक द्वन्द्व भइरहेको समयमा धार्मिक साहिष्णुता बोकेको यस नीलकण्ठ महादेव मन्दिरले समाजको विकासमा समेत टेवा पुऱ्याएको पाइन्छ । नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ धारा १४ मा छुवाछूत तथा जातीय भेदभाव विरुद्धको हकको व्यवस्था गरिएको छ । धारा १४ को उपधारा १ मा नै लेखिएको छ कि कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछूत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र व्यक्तिले कानुनद्वारा निर्धारण भए बमोजिम क्षतिपूर्ति पाउनेछ । नीलकण्ठ महादेव मन्दिर संसारभरिकै मानव जगतका लागि स्वागतयोग्य छ । यस मन्दिरको दर्शन गर्न सबै खालका मानिसहरूको घुइँचो लाग्दछ । यस्तो वातावरणले नेपालको संविधानमा उल्लेख गरिएको मौतिक हक सम्बन्धीको व्यवस्थालाई पनि छर्लङ्ग पारेको छ ।

नेपाल धार्मिक साहिष्णुताको देश हो । यहाँ हिन्दू अलवा बौद्ध, इसाई, किराँत आदि धर्मवालम्बीहरूको उल्लेख्य र उत्साहबर्द्धक उपस्थिति देखिन्छ । यसको अर्थ जुनसुकै धर्म र सम्प्रदायका किन नहुन् यस्ता राष्ट्रिय, सामाजिक र धार्मिक धरोहरहरूको उचित संरक्षण हुनुपर्ने देखिन्छ । तसर्थ आजका दिनमा कुनै धर्म वा सम्प्रदाय विशेषले भन्दा सिङ्गो नेपाली समुदायले यिनीहरूको महत्वलाई पहिचान गर्न आवश्यक देखिन्छ । यसरी नै नीलकण्ठ महादेव मन्दिर परिसरको विशेषत सम्पूर्ण पोखराबासीले विशेष चाख राख्नु पर्ने देखिन्छ । सोही कार्यको थालनी व्यवस्थापन समितिले विगतदेखि वर्तमानसम्म गरेर राम्रो काम गरेको छ ।

विकासको परिवर्तित परिभाषासँगै भौतिकवादले जरो गाड्दै छ । यही सभ्यतालाई पोखेली जनमानसले अँगालेको छ भन्दा असान्दर्भिक नहोला । तर पनि यस मन्दिर परिसरले मरुभूमिमा पानी भएको ठाउँले वातावरण स्वच्छ पारे जस्तै यसले मरुद्यान (Oasis) को काम गरेको छ । यसले बढ्दो शहरीकरणका बीच आफ्नो पनलाई सहज रूपमा जोगाएको तथ्य हाम्रा सामु छर्लङ्ग छ । यसले धार्मिक, सामाजिक, पर्यावरणीय तथा विविध पक्षहरूमा अत्यन्त राम्रो प्रभाव पारेको देखिन्छ । प्रायः मानिसहरूको आस्थालाई आफूभित्र समाहित गर्न सफल रहनुलाई सराहनीय पक्ष मान्नु पर्दछ । आन्तरिक र बाह्य धर्मावलम्बीहरूलाई आध्यात्मिकतातिर डोऱ्याइरहेको छ । जसले मानिसहरूमा धर्म, संस्कृति तथा परम्परागत संरचना एवम् सोचलाई आफ्नो स्थानबाट टेवा पुऱ्याइरहेको देखिन्छ । यस मन्दिरबाट देखिने

चारैतर्फका दृश्यहरूले सबैलाई मोहिनी लगाँउछ । पूर्वतर्फ बगिरहेको सेती नदीले र उत्तरतर्फ देखिने माछापुच्छ्रे हिमालले भने आकर्षण बढाएका छन् ।

एक धार्मिक स्थलका रूपमा विगतदेखि वर्तमानसम्म परिचित यस मन्दिरमा नियमित रूपमा पूजाआरधना व्यवस्थित गर्न र यसको प्रचार-प्रसारमा जोड दिने काममा समेत यहाँका स्थानीय जनसमुदायको थप प्रयास आवश्यक देखिन्छ । यसो भएमा अवश्य नै यस मन्दिर परिसरले एउटा गहकिलो नामका रूपमा परिचित हुने अवसर पाउने छ ।

अबको धार्मिक सोच विगतमा भन्दा परिस्कृत हुनु पर्दछ । नेपाल विगतदेखि वर्तमानसम्म धार्मिक साहिष्णुताले परिचित छ । यसलाई अगाडि बढाउनका लागि मन्दिरसँग सम्बन्धित पक्षहरूले पहल गर्नुपर्दछ । हामीलाई थाहा नै छ, नेपाल आज विभिन्न धार्मिक सामुदायिक विविधताको साझा थलो बनेको छ । यस पक्षलाई हामी सबैले गम्भीरताका साथ अगाडि बढाउनु पर्दछ ।

अन्त्यमा यस मन्दिरको ठूलो धार्मिक, सामाजिक एवम् वातावरणीय प्रभाव रहेको कुरा पुन : दोहोऱ्याउन चाहन्छु । हामी सबै सामाजिक तथा सार्वजनिक स्थलहरूका बारेमा सकारात्मक सोचका साथ अगाडि बढ्नु पर्दछ । यसबाट समाजले सक्दो फाइदा गर्न सकोस् र यस धार्मिक स्थलले आफ्नो परम्परागत परिचयका साथ सान्दर्भिक एवम् समय सापेक्ष नयाँ परिचय प्राप्त गर्न सफल रहोस् भन्ने मनकामना राख्दछु ।

## ७.२ सुझावहरू

नेपाली समाज धार्मिक सहिष्णुता तथा जातीय सह-अस्तित्व सम्मानित रहेको विश्व मै एउटा अनुपम उदाहरणीय समाज हो । यसको मुख्य क्षेत्र यहाँको प्राकृतिक स्रोत तथा मठ मन्दिरहरूलाई जान्छ । तसर्थ देशका विभिन्न स्थानहरूमा छरिएका असंख्य मठ-मन्दिर, पाटी-पौवा, देवालय, गुम्बा, विहार, चौतारा, नदी किनार एवम् तीर्थस्थलहरू यो देशको संस्कार एवम् संस्कृतिका अमूल्य निधि भएकोले यिनीहरूको निरन्तर संचालन र संरक्षण गर्नु पर्दछ । तर यहाँ रहेका सबै मठमन्दिरहरू स्वदेशी तथा विदेशी पर्यटकहरूमा परिचित नहुनु एउटा दुःखको कुरा हो । यसको मुख्य जिम्मेवार पक्ष सरकारी तथा गैरसरकारी निकायका विभिन्न संघसंस्था तथा यस मन्दिर क्षेत्रसँग सम्बन्धित समिति तथा स्थानीय जनसमुदायमा रहेको कुरा अध्ययनको क्रममा पाइएका अनुभवको आधारमा नीलकण्ठ महादेव आश्रमको विकासको लागि  निम्न सुझावहरू प्रस्तुत गर्न आवश्यक ठान्दछ :

१. हाम्रो प्राचीन हिन्दू धर्मलाई हिजो आजको पश्चिमी संस्कृतिबाट जोगाउनका लागि सबै समाज स्थानीय बासिन्दा तथा बुद्धिजिवी लाग्नु पर्दछ ।

२. मन्दिरसँग आबद्ध गुठी समिति स्थलमा निर्माण समिति जन्मदाता बीच राम्रो समझदारी कायम गरी हातेमालो गरेर यसको विकास निर्माणमा लाग्नुपर्ने देखिन्छ ।

३. नीलकण्ठ महादेव वरपर रहेका जस्तै ब्रह्मचर्या आश्रम, लक्ष्मी नारायण मन्दिर, राधाकृष्ण मन्दिर तथा बौद्ध चैत्यको संरक्षण विकासको लागि गठित विभिन्न समिति तथा उपसमितिहरूसँग समझदारी कायम गरी सम्पूर्ण नारायणस्थान क्षेत्रको विकास तथा विस्तारमा सहकार्य हुनुपर्दछ । यसका लागि नीलकण्ठ महादेव मन्दिर सेवा समितिका पदाधिकारीहरूलाई बढी सक्रिय हुन आवश्यक ठान्दछु ।

४. धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक सम्पदाहरूप्रति जनचासो निरन्तर रूपमा जगाउनका लागि जनसहभागिताको भावना अभिवृद्धि गराउन यी सम्पदाप्रति जनचासो र आध्यात्मिकताको भावनाको प्रचार-प्रसारको कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

५. पोखरा पर्यटन बोर्ड तथा यस क्षेत्रसँग सम्बन्धित अन्य स्थानीय तथा क्षेत्रीय निकायले यस क्षेत्रप्रति सौतेनी व्यवहार नगरी यसलाई विशेष प्रोत्साहन दिई नमुना क्षेत्र बनाउनेतर्फ स्पष्ट गुरुयोजना बन्नु पर्ने देखिन्छ ।

६. यस मन्दिर परिसरको अध्ययनको क्रममा सकारात्मक तथा नकारात्मक दुवै पक्षहरू फेला परे । कतिपय नकारात्मक पक्षले सम्बन्धित स्थलप्रतिको भावनालाई नै कुण्ठित पार्न सक्दछ । जस्तै विजयादशमीको समयमा वर्षेनी प्रदर्शन गरिने रात्री समयका सांस्कृतिक क्रियाकलापहरूमा सुधार गर्नुपर्ने देखिन्छ । यसको सुधारका लागि सम्बन्धित पक्षलाई सुझाव दिन चाहन्छु । त्यसैले सकारात्मक पक्षलाई आगामी दिनहरूमा पनि निरन्तरता दिनुपर्छ भने नकारात्मक पक्षलाई पुन : अध्ययन गरी यसमा परिवर्तन र सुधार ल्याउनु अत्यावश्यक देखिन्छ ।

७. मन्दिर परिसरमा वृद्धाश्रम बनाई वृद्धवृद्धाहरूलाई कथा प्रवचन सुनाउने व्यवस्था गर्न सके उनीहरूको आत्मासन्तुष्टिमा महत्वपूर्ण योगदान गरेको ठहरिन्थ्यो । यी विभिन्न सुझावहरूलाई अवलम्बन गरी अघि बढ्न सकेमा नीलकण्ठ महादेव आश्रम परिसरको उज्ज्वल भविष्य बन्न गई पर्यावरण सन्तुलन तथा पर्यटन विकासमा ठूलो टेवा पुग्ने छ ।

# सन्दर्भसामग्री


**अन्तर्वार्ता**

अधिकारी, सूर्यनाथ अध्यक्ष, केदारेश्वर मन्दिर, वसुन्धरा पार्क, पोखरा ।

उदास, दीपकलाल, अध्यक्ष, वीरेन्द्र स्मृति पार्क, नदीपुर, पोखरा ।

ताम्रकार, गोविन्द, पूर्व अध्यक्ष, मैत्रीसंघ, नदीपुर, पोखरा ।

पोखेल, दयानन्द, पुजारी, केदारेश्वर मन्दिर, वसुन्धरा पार्क, पोखरा ।

पौडेल, रामकृष्ण, पण्डित नीलकण्ठ महादेव मन्दिर, नदीपुर पोखरा ।

पौडेल रुद्रनाथ, मुल पुजारी, विन्दवासीनी मन्दिर, बगर पोखरा ।

सि.के., सनकमान, सचिव, नीलकण्ठ महादेव मन्दिर, नदीपुर पोखरा ।

सुवेदी महेश्वर, मुलपुजारी, ब्रह्मचर्याश्रम, नदीपुर पोखरा ।

स्वरुप सदाशिव, संरक्षक, नीलकण्ठ महादेव मन्दिर, नदीपुर पोखरा ।

**पुस्तक/पत्रपत्रिका**

*कास्की जिल्ला पार्श्वचित्र-२०६७,* जि.वि.स. कास्की ।

*कास्कीकोट दिग्दर्शन,* कास्कीकोट पोखरा सम्पर्क समिति, २०६९ ।

क्षेत्री, दिलबहादुर सिद्ध शक्तिपिठ श्री विन्ध्यावासिनी तथा पोखरा केही मठ मन्दिरहरूको संक्षिप्त परिचय, पोखरा : श्री विन्ध्यावासिनी धार्मिक क्षेत्र विकास समिति, २०६० ।

गुरुङ, जगमान, *गुरुङ जाति र संस्कृति,* (कास्की गण्डकी अञ्चल, २०३४ ।

--------, *शाहवंशको उदय,* अभिलाषा, वैशाख, २०४३ ।

--------, *रिभान चौर डेरो पैंगिलामाहरूको वंशवृक्ष,* पोखरा : नाथुप्रल्हाद प्रतिष्ठान, २०५४ ।

*गोरक्ष निखिल वाणी,* आध्यात्मिक शक्ति अनुसन्धानमूलक मासिक, माघ २०६६ ।

दाहाल, पेश र सोमप्रसाद खतिवडा, *नेपालको कला र वास्तुकला,* काठमाडौं : एम.के. पब्लिकेशन, २०५८ ।

*नेपालको अन्तरिम संविधान २०६३,* काठमाडौं : मकालु प्रकाशन ।

पण्डित, सि.एन., *स्वास्थ्य तथा वातावरण विज्ञान शिक्षण विधि,* काठमाडौँ : विदुर प्रकाशन, २०६६ ।

पराजुली, यज्ञप्रसाद, गोप्यश्वर महादेवमणिको ऐतिहासिक, धार्मिक तथा वातावरणीय अध्ययन (अप्रकाशित शोधपत्र), पोखरा : त्रि.वि.वि. इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा, २०६८ ।

पौडेल, चन्द्रकान्त, कास्कीकोटको ऐहिासिक अध्ययन (अप्रकाशित शोधपत्र), पोखरा : त्रि.वि.वि. इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा, २०५९ ।

*मेचीदेखि महाकाली भाग ३,* काठमाडौ : श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभाग, २०३१ ।

लामिछाने, देवेन्द्रवहादुर "तालबाराही मन्दिर एक अध्ययन", *हिस्टोरिया* अंक २, वर्ष २, पोखरा इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस, वि.सं. २०५४ ।

शाक्य, विश्व, *बुद्ध, बौद्ध र हामी,* पोखरा : नरेन्द्रमान लालचन, २०७० ।

श्रेष्ठ, विश्व र दिल बहादुर क्षत्री, पोखरा भ्याली-अ जियो-कल्चर प्रस्पेक्टिभ २००८, पोखरा : गगन कुमारी श्रेष्ठ, पार्वती क्षत्री, २०६५ ।

सुतिहार, देवनारायण र अन्य, *भगवान् निलकण्ठ दर्शन,* पोखरा : नीलकण्ठ महादेव आश्रम सेवा समिति, नारायणस्थान, नदीपुर, २०६७ ।

सुवेदी, राजाराम, *कास्की राज्यको इतिहास,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार, वि.सं. २०६० ।

--------, "कास्की राज्यको इतिहास", *कास्की स्मारिका,* काठमाडौ : कस्केली प्रजातान्त्रिक समाज, २०५६ ।